नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

**विकासको मूलधारबाट कुनै समुदाय पछाडि पर्नु हुँदैन: मन्त्री यादव**



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २४२ | २०८२ साल श्रावण ०४ गते आइतबार | Sunday 20, July 2025 | सूर्योदय: बिहान ५:२३ बजे | सूर्यास्त: साँझ ७:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# सरकारी कार्यालयहरू जनकपुरधामबाट उत्तरी भेगमा सारिँदै !

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेका केही सरकारी कार्यालय विस्तारै उत्तरी भेगतर्फ सारिन थालेका छन् । यद्यपि यो प्रक्रिया सेवाप्रवाहमा सहजता ल्याउने दाबीका साथ अघि बढाइए पनि सदरमुकामबाट योजनाबद्ध रूपमा कार्यालय हटाइँदै गएको आरोप लाग्न थालेको छ ।

पछिल्लो समय ‘राष्ट्रिय चुरे विकास तथा संरक्षण समिति’को कार्यालय जनकपुरधामबाट हटाएर धनुषाको ढल्केवर सारिएको छ ।

कार्यालय रातारात सारिएको जनाइएको छ । स्थानीय तथा विज्ञहरूले राजधानीमै रहेका कार्यालयलाई राजमार्ग नजिकको शहरी बजारतर्फ सार्ने रणनीतिअनुसार कार्य भइरहेको टिप्पणी गरेका छन् ।

चुरे कार्यालय मिथिला नगरपालिकाको कार्यालय भवनमा सारिएको छ । कार्यालय प्रमुख प्रेमीलाल साह कलवारका अनुसार समितिको निर्णयअनुसार कार्यालय जनकपुरधामबाट ढल्केवर सारिएको हो । उनले जनकपुरधाममा कार्यालय रहँदा भाडा तिर्नु पर्ने तर ढल्केवरमा बिना भाडा काम गर्न सकिने सुविधाका कारण स्थानान्तरण गरिएको स्पष्ट पारे ।

सरकारी सेवाप्रवाहका लागि कार्यालय स्थानान्तरण गरिएको भनिए पनि राजधानीमा सेवा सुविधाबाट जनकपुरवासी वञ्चित हुने अवस्था सिर्जना नहोस् भन्ने चिन्तासमेत सार्वजनिक रूपमा उठ्न थालेको छ । जनकपुरधामका स्थानीय र नागरिक समाजले सरकारी संरचना र सेवाको सन्तुलन कायम गर्नुपर्नेमा जोड दिँदै कार्यालय स्थानान्तरणबारे स्पष्ट मापदण्ड आवश्यक रहेको बताएका छन् ।

# मिथिलाञ्चलमा मधुश्रावणीको उल्लास



तस्वीरः भरत रौनियार

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मिथिलाञ्चल नेपाली समाजमा संस्कार, संस्कृति र पर्व–त्योहारको दृष्टिकोणले समृद्ध क्षेत्र मानिन्छ । वर्षभरि कुनै न कुनै सांस्कृतिक पर्वले यहाँको जीवनशैली र जनजीवनलाई रंगाउँछ । यस्तै एक महत्वपूर्ण पर्व हो मधुश्रावणी, जुन विशेषगरी मैथिली समुदायले साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल तृतीयासम्म नवविवाहिताका सौभाग्य, प्रेम, स्वास्थ्य र पारिवारिक समृद्धिको कामनासहित मनाउँछन् ।

मधुश्रावणी पर्व शुरु भएसँगै मिथिलाञ्चलको वातावरण पूजापाठ, गीत र श्रृंगारले झनै रमणीय बनेको छ । बिहान–साँझ घरघरमा गुञ्जिने मैथिली गीत, नवविवाहिता महिलाको फूल टिप्ने दृश्य र पूजामा रमाइरहेका घरका आँगनले पर्वको उत्साह झल्काउँछ । नवविवाहिता महिला आफ्ना सहेलीसँग फुलबारी गइ फूल टिप्छन् र त्यसै फूलबाट देवी देवताको पूजा गर्दछन् ।

गीतगायनमार्फत धर्म र संस्कारको सन्देश दिन्छन् । पूजाको मण्डप (अरिपन) माइतीघरको आँगनमा बनाइन्छ र कुलदेवताको स्मरण गर्दै पूजा शुरु गरिन्छ । पूजापछि माइतीका जेष्ठ सदस्यबाट व्रतालु महिला



ब्राह्मण, कायस्थ, भूमिहार र सोनार जातिका महिलाले मुख्य रूपमा यो पर्व मनाउने चलन भए पनि यसको सामाजिक प्रभाव व्यापक देखिन्छ । ब्राह्मण समुदायमा त व्रत अवधिभरि ससुरालीबाट आएका अन्न मात्र खाने परम्परा समेत छ । व्रतालु महिला प्रत्येक बिहान पवित्र स्नानपछि सात्विक भोजन, बेलपत्र, फूलसहित विषहरा देवी, शिव, पार्वतीको पूजा आराधना तथा मधुश्रावणी कथा श्रवण गर्छन् ।

पर्वसँग जोडिएका आख्यानमा विषहराको उत्पत्ति, शिव–पार्वतीको वैवाहिक प्रसंग, नवविवाहिता मधुश्रावणी र उनका कुष्ठरोगी पतिको उपचार लगायतका रोचक र शिक्षाप्रद कथा पाइन्छन् । यिनले दाम्पत्य जीवनमा प्रेम, समझदारी र समर्पणको भावना जगाउने विश्वास गरिएको छ ।

लोक विश्वास अनुसार, साउन महिनामा नागिनीहरूको पूजा गरेमा सर्पको भय नहुने शिवले वरदान दिएका थिए, जसका कारण विषहराको पूजा आरम्भ भएको भनिन्छ । साथै, देवी गौरीको आराधनाले दाम्पत्य जीवन सुखी, सन्तुलित र मनोकामना पूर्ण हुने जनविश्वास पनि पाइन्छ ।

पर्व अवधिभर महिलाले फूललोढी (फूल टिप्ने), पूजाआराधना, कथा श्रवण, सात्विक भोजन, श्रृंगार र आशीर्वाद लिने चलन छ ।

पर्वको अन्त्य १३ औँ दिनमा गरिन्छ । पूजामा प्रयोग गरिएका बेलपत्र र फूललाई नजिकको नदी वा पोखरीमा विसर्जन गरिन्छ । १२ औँ दिन साँझ व्रतालुलाई ‘टेमी’ दिने परम्परा छ, जसमा दियोको ज्वालाले घुँडामा डाम्ने चलन छ । टेमीपछि गाढा प्रेम सम्बन्ध हुने जनविश्वास छ ।

नयाँ पुस्ताका मिथिलानीहरूले परम्परालाई सम्मान गर्दै केही विधिहरू परिष्कृत गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । ‘टेमी’को सट्टा चन्दनको लेप प्रयोग गर्ने परिपाटी पछिल्लो समय लोकप्रिय हुँदै गएको छ । यसले परम्परामा आधुनिक सोचको समिश्रण गरी संस्कृति जगेर्नामा सन्तुलन ल्याएको देखिन्छ ।

मधुश्रावणी पर्व केबल धार्मिक वा परम्परागत विधिमा सीमित छैन, यसले सामाजिक, पारिवारिक र प्रकृतिप्रतिको सम्बन्धलाई सुदृढ बनाउने कार्य गर्दछ । नवविवाहिता महिलाको सौभाग्य, प्रेम र समर्पणको प्रतीक बनेको यो पर्व मिथिला समाजको मौलिक र गौरवशाली धरोहर हो । यस्तो सांस्कृतिक पर्वको संरक्षण र प्रवद्र्धन गर्नु हामी सबैको साझा जिम्मेवारी हो । मधुश्रावणी पर्वले मिथिलाञ्चलको सांस्कृतिक पहिचानलाई झनै उज्यालो बनाउने विश्वास गरिन्छ ।

# सुक्खाग्रस्त क्षेत्र अध्ययन गर्न टोली आउने

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्याप्त पानी नपरेपछि रोपाइँ हुन नसकेको सुक्खाग्रस्त क्षेत्र मधेश प्रदेशका ८ जिल्लामा अध्ययनका लागि कृषि मन्त्रालयको टोली आउने भएको छ । मन्त्रालयले हरेक जिल्लामा २–२ जनाको दरले टोली पठाउने निर्णय गरेको हो ।

टोलीले मधेश प्रदेशमा रहेका मन्त्रालय अन्तर्गतका कार्यक्रम र आयोजनाका कर्मचारीसँग समन्वय गर्नेछ । अहिले रहेका सिँचाइका संरचनालाई पूर्णरुपमा सञ्चालन तथा सिँचाइका लागि अरु विकल्पबारे सम्बन्धित निकायसँग छलफल गरी तत्कालीन र दीर्घकालीन निर्णय गरिने मन्त्रालयले जनाएको छ । लामो समयसम्म पानी नपरेपछि खानेपानीको समेत अभाव भएको र धान रोप्ने अवस्था समेत नभएको भन्दै मधेश प्रदेश सरकारले केही दिनअघि सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । मधेशका ८ जिल्लामा अहिलेसम्म झन्डै ४६ प्रतिशत रोपाइँ भएको मधेश प्रदेशको कृषि मन्त्रालयले जनाएको छ । विगतमा असार सकिँदा मधेश प्रदेशमा झन्डै ७० प्रतिशत रोपाइँ हुने गरेको थियो ।

एक महिनादेखि लगातार पानी नपर्दा तराईको मुख्य बाली धानको रोपाइँ हुनसकेको छैन । कृषि विकास निर्देशनालय मधेश प्रदेशका अनुसार अघिल्लो वर्ष असार मसान्तमा मधेश प्रदेशमा ६६ प्रतिशत रोपाइँ भइसकेको थियो । यो वर्ष ठ्याक्कै उल्टो भएको छ । मधेशमा हालसम्ममा ४६ प्रतिशत मात्रै रोपाइँ सकिएको छ ।

रोपिएका धान खेतमा धाँजा फाट्न थालेको छ । २०७९ मा पनि मधेशले यस्तै प्रकारको विपत्ति सामना गरेको थियो । सो समयमा मुस्किलले ६० प्रतिशत रोपाइँ भएको थियो । मधेशमा प्रत्येक २० देखि २५ वर्षमा लामो खडेरी पर्ने गरेको छ । २००७, २०२९, २०४९ मा लामो खडेरी परेको थियो ।

मधेशमा तीन लाख ७२ हजार हेक्टर जमिनमा धान खेती हुने गरेको छ । समयमै वर्षा हुँदा ९७ प्रतिशतसम्म रोपाइँ भएको तथ्याङ्क छ । हालसम्म मधेशमा कम्तीमा ७५ प्रतिशत रोपाइँ भइसक्नुपर्नेमा रोपाइँ नहुँदा उत्पादनमा ठूलो मात्रामा गिरावट आउने सम्भावना छ । मधेश सरकारले सङ्घीय सरकारसँग विशेष राहत प्याकेज उपलब्ध गराउन माग गरेको छ । प्रदेश सरकारले धान रोप्न नपाएपछि भोकमरी र महँगी बढ्न सक्ने भएकाले त्यसतर्फ ध्यान दिन सङ्घीय सरकारको ध्यानाकर्षण गराएको छ ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् हरिप्रसाद दाहालले मनसुनी वायु सक्रिय भए पनि मधेशमा राम्रोसँग वर्षा हुन नसकेको र अहिले त्यहाँ वर्षाको सम्भावना अधिक भएको उल्लेख गरे ।

# मन्त्री अधिकारीलाई निलम्बन गर्न एमालेकै माग



**मधेशदृष्टि**
**पोखरा ।**

नेकपा एमाले कास्कीले पोखरा–१६ स्थित १ सय ३५ रोपनी लिची बगान प्रकरणमा मुछिएका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई निलम्बन गरी कारबाही गर्न माग गरेको छ ।

बाँकी पृष्ठ २ मा






# समाजवादी युवाले आन्दोलन गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको भ्रातृसंगठन समाजवादी युवा संघद्वारा चरणवद्ध संघर्षको निर्णय भएको छ । बैठकबाट सरकारले मधेशलाई मरुभूमि बनाउने षड्यन्त्रमा लागेको आरोप लगाइएको छ । समाजवादी युवा संघ धनुषाको विस्तारित बैठकले यस्तो आरोप लगाएको हो ।
संयोजक मदन साहको अध्यक्षता तथा पार्टीका धनुषा जिल्ला अध्यक्ष पशुपति यादवको प्रमुख आतिथ्यमा बसेको बैठकमा हालसम्म जिल्ला र पालिका संगठनको अवस्था, संगठन निर्माण र समितिमा सकृया सदस्यको विवरण बनाउने, जिल्लाको प्रत्येक पालिकाको अधिवेशन र जिल्ला अधिवेशन गर्ने गरी कार्ययोजना बनाउने र जिम्मेवारी बाँडफाँट गरिएको छ ।
त्यस्तै, केन्द्रीय समितिले पत्राचार गरेको निर्णयअनुरूप सदस्यता वितरण अभियान सञ्चालन गर्ने र यस कार्यका लागि जिम्मेवारी तोक्ने र वितरण भएको सदस्यको अभिलेख बनाउने निर्णयसमेत गरेको छ ।
बैठकबाट सरकारले ल्याउन लागेको भूमि विधेयकमा पार्टीको समर्थन नरहेको र यस विधेयकले मधेशलाई मरूभूमि बनाउने भूमिका खेल्ने भएकाले मधेशका युवाले विधेयकको विरोध गरेको छ । बैठकमा सबैको सहमतिबाटै विधेयकको जनस्तर र युवा समाजबाटै विरोध गर्ने, संघर्ष गर्ने र मधेशलाई मरूभूमिकरणबाट बचाउन हरसम्भव संघर्ष गर्ने गरी सबै युवालाई संगठित गरी संघर्षको अपिल गर्ने निर्णय गरिएको छ ।
बैठकले प्रत्यक वर्ष मधेशका जिल्लामा नियमित वर्षा नहुदाँ खेतिपातीदेखि जनजीवनका लागि आवश्यक खानेपानीसम्म उपलब्ध हुन नसक्दा यस क्षेत्र र धनुषा जिल्लाको लगायत मधेशभरका जनता पीडित बनेको निष्कर्ष निकालेको छ ।
बैठकबाट नेपाल सरकारसमक्ष प्राकृतिक रूपमा सुक्खाक्षेत्र घोषणा गरी अबिलम्ब यसको संरक्षणका लागि सरकारले दीर्घकालीन योजना बनाई जनतालाई प्रदेश सरकारले राहतको ठोस प्याकेज घोषणा गरिनु पर्नेबारे प्रमुख जिल्ला अधिकारी र यस क्षेत्रका निर्वाचित जनप्रतिनिधिसमक्ष ज्ञापन पत्र बुझाउने निर्माण गरिएको छ । किसानलाई नेपालमै आवश्यक मलखाद उपलब्ध सहजरूपमा गराउनु पर्नेमा उपलब्ध नभएको अवस्थामा बाध्य भएर किसानले भारतको बजार प्रयोग गर्नु परेको बैठकको निष्कर्ष छ । भारतबाट किसानले मलखाद बाध्यताले ल्याउदा सीमामा प्रहरी प्रशासनले किसानबाट मलखाद छिन्ने, ल्याउन नदिने गतिबिधिले किसान अझै मारमा परेको बताइएको छ ।
बैठकमा पार्टीको जिल्ला उपाध्यक्षद्वय दिनेश यादव र ललित मण्डल सचिव रामनारायण कापर युवा प्रदेश मुख्यसचिव लगायतका नेताको उपस्थिति थियो ।

# हरियाली प्रवर्द्धन गर्न वक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
वातावरण संरक्षण र हरियाली प्रवद्र्धनको उद्देश्यसहित वीरगंज महानगरपालिका–२४ रामघढवास्थित बजरंग हल क्षेत्रको पूर्व र पश्चिम किनारमा शनिबार वृहत वृक्षारोपण गरिएको छ । सामुदायिक साझेदारी कार्यक्रमअन्तर्गत आयोजना गरिएको कार्यक्रम राष्ट्रिय चुरे–तराई मधेश संरक्षण विकास समिति, वीरगंज महानगरपालिका, ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र र ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगर–१० को संयुक्त पहलमा तथा फ्रेन्ड्स क्लब अफ रामघढवा वीरगंज, पर्साको सहकार्यमा भएको हो । कार्यक्रमको अध्यक्षता जयप्रकाश खेतानले गरेका थिए । प्रमुख अतिथिका रूपमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख एसपी गौतम मिश्र थिए भने विशिष्ट अतिथिका रूपमा वीरगंज महानगरका प्रहरी प्रमुख हरि भुसालसहित अन्य सरकारी तथा गैरसरकारी अधिकारीको उपस्थिति थियो । फ्रेन्ड्स क्लब अफ रामघढवाका अध्यक्ष सन्दिप चौरसिया समेतको सक्रिय सहभागितामा सम्पन्न कार्यक्रममा ६० विभिन्न जातका बिरुवा सडक छेउछाउमा रोपिएका छ ।
यस्तै, ठाकुरराम बहुमुखी क्याम्पस वीरगंजको परिसरमा अनेरास्ववियुले विरुवा रोपेको छ । अनेरास्ववियुको क्याम्पस इकाइ कमिटीद्वारा शनिबार आयोजित वृक्षारोपण कार्यक्रममा क्याम्पसको नवनिर्मित प्रशासनिक भवनका साथै क्याम्पस परिसरमा विभिन्न प्रजातिका विरुवा रोपिएको हो ।

# गौतम समाज कल्याण संस्थाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगज ।**
वीरगंज क्षेत्रमा बढ्दो रगतको अभाव र यसले उपचारमा पु¥याएको चुनौतीलाई सम्बोधन गर्न गौतम समाज कल्याण संस्था र गौतम स्कुलको संयुक्त आयोजनामा नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्र वीरगंजको समन्वयमा शनिबार बृहत रक्तदान भएको छ । रक्तदानमा १५ महिलासहित ४५ जनाले रक्तदान गरेका थिए । गौतम माध्यमिक विद्यालयको जुनियर विंगमा सम्पन्न कार्यक्रमको मुख्य उद्देश्य समाजमा रक्तदानप्रति चेतना जगाउनुका साथै बिरामीको जीवन बचाउन नियमित रक्तदानको संस्कारलाई प्रवद्र्धन गर्नु थियो । रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेले रक्त अभावका कारण धेरै बिरामीले समयमै उपचार पाउन नसकेकामा चिन्ता व्यक्त गरे ।

# वृद्धाश्रमलाई लायन्सको सहयोग

**मधेशदृष्टि**
**वीरगज ।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर १ भगवाननगरमा रहेको बृद्धाश्रममा लायन्स क्लब अफ वीरगंज मिलेनियम एमजेएफले झण्डै १ लाख ५० हजार रुपैयाँ बराबरको खाद्यान्न र दैनिक उपभोग्य सामग्री सहयोग गरेको छ ।
शनिबार वीरगंजबाट ठोरीस्थित आश्रममै पुगेर लायन्स क्लब अफ वीरगंज मिलेनियम एमजेएफको टोलीले सामान सहयोग गरेको हो ।
क्लबका अध्यक्ष विनोद खण्डेलवाल नेतृत्वको टोलीले सामग्री आश्रमका अध्यक्ष एवम् संरक्षक आशबहादुर गुरुङलाई प्रदान गरेको क्लबका सचिव रोशन गुप्ताले जानकारी दिए ।
आश्रममा अपांगता भएका व्यक्ति, वृद्धवृद्धासहित १७ जना छन् ।

# कलैयामा पानीको चरम संकट

**मधेशदृष्टि**
**बारा ।**
बाराको कलैया उपमहानगरपालिकामा खानेपानी संकट चर्किएको छ । पछिल्लो समय लामो खडेरीका कारण विभिन्न वडामा चापाकल सुक्न थालेपछि स्थानीयको दैनिक जीवनमा अत्यन्तै कठिनाइ भएको छ । विशेषगरी वडा नम्बर १७ अन्तर्गत ठूलो ब्रह्मपुरी र सानो ब्रह्मपुरी क्षेत्रमा अधिकांश चापाकलमा पानी आउन छाडेको छ ।
करिब तीन सय घरधुरी रहेका टोलमा अधिकांशको चापाकल सुकिसकेका छन् । यसले गर्दा खाना पकाउने, लुगा धुने, नुहाउनेलगायतका काममा समस्या निम्तिएको स्थानीय सरोज साहले जानकारी दिए । अहिले अधिकांश घरका मानिस छिमेकीका घरमा पानी माग्न, खेततिर पम्पिङ गरेर पानी ल्याउन वा खोला नजिकका चापाकल प्रयोग गर्न बाध्य छन् ।

# स्काइ भ्युटावरमा पर्यटक बढे



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर २ स्थित गोले डाँडाको रेड हिल पार्कमा स्काई वाक भ्यु टावर निर्माण गरी सञ्चालनमा ल्याएपछि त्यहाँ घुम्न आउने पर्यटकको संख्या बढेको छ । रेड हिल पार्कमा ३१ लाख रुपैयाँको लागतमा स्काई वाक भ्यु टावर निर्माण गरी वैशाख दोस्रो सातादेखि सञ्चालनमा ल्याइएको हो । स्काई वाक भ्यु टावर सञ्चालनमा आएदेखि नै रेड हिल पार्कमा घुम्न आउने स्वदेशी र भारतीय पर्यकटहरुको संख्या बढेको निर्मल ठोरी उपभोक्ता समितिले जनाएको छ । स्काई वाक भ्यु टावरमा दैनिक ६० भन्दा बढी पर्यटक भ्रमण गर्न आउने गरेका छन् । सञ्चालनमा आएको तीन महिनामै स्काई वाक भ्यु टावरमा टिकट काटेर २ लाख ५० हजार रुपैयाँ आम्दानी भएको समितिले जनाएको छ ।

# आम जनता पार्टीको नगर कमिटी गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी पर्साद्वारा पर्सागढी नगरपालिकामा पार्टीको नगर कमिटी गठन गरिएको छ । पर्सा जिल्ला इञ्चार्ज लखीन्द्र साह, जिल्ला अध्यक्ष विश्वराज पटेल तथा आम खेलकुद महासंघका केन्द्रीय अध्यक्षको विशेष उपस्थितिमा नगर कमिटी गठन गरिएको हो । कार्यक्रममा योगेन्द्र साहको अध्यक्षतामा २१ सदस्यीय नगर समिति चयन गरिएको छ । नेताहरूले संगठन सुदृढीकरण र स्थानीयस्तरमा जनसमस्या समाधानमा पार्टीको भूमिकालाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन् ।

# प्रदेश भारोत्तोलन संघमा डा.चौधरी



**मधेशदृष्टि**
**राजविराज ।**
मधेश प्रदेश भारोत्तोलन संघको अध्यक्षमा डा.निरज कुमार चौधरी चयन भएका छन् । पर्सा जिल्ला निवासी उनी भारोत्तोलनका पूर्व राष्ट्रिय खेलाडी हुन् । शनिबार महोत्तरीको बर्दिबासमा सम्पन्न प्रथम अधिवेशनले डा.चौधरीको नेतृत्वमा ९ सदस्यीय प्रदेश कार्यसमिति निर्विरोध चयन गरेको हो । उपाध्यक्षमा पुन्तिलाल यादव (सप्तरी), सचिवमा विनोद गुप्ता (पर्सा) र कोषाध्यक्षमा शिव नारायण चौधरी (सिरहा) चयन भएका छन् ।
सदस्यमा शत्रुधन प्रसाद यादव (महोत्तरी), सरोज यादव (धनुषा), दिपक ठाकुर (बारा), हेमशंकर चौधरी (सिरहा) र शान्ति चौधरी (सप्तरी) चयन भएका छन । नयाँ कार्य समितीको पहिलो बैठकले एक उपाध्यक्ष र एक सदस्यमा क्रमशः बेदबहादुर राई विनय (सर्लाही) र नितीन साह (पर्सा) लाई मनोनयन गरेको नवनियुक्त अध्यक्ष डा.चौधरीले जानकारी दिए ।
उनले आफ्नो कार्यकालमा इमान्दार प्रयास र नेतृत्वसहित प्रदेशका तर्फबाट योग्य भारोत्तोलन खेलाडी उत्पादन तथा प्रदेशलाई भारोत्तोलन खेलमा माथि उठाउन विभिन्न कार्ययोजना बनाएर अघि बढ्ने प्रतिबद्धता जनाए ।
प्रमुख अतिथि मधेश प्रदेश खेलकुद परिषदका बोर्ड सदस्य प्रभुनारायण चौधरी, केन्द्रीय प्रतिनिधि विजेन्द्र विक्रम शाह, केन्द्रीय सदस्य अनिल मिश्रा, भारोत्तोलनका पूर्व राष्ट्रिय खेलाडी एवम् जिल्ला खेलकुद विकास समिति सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले नयाँ कार्य समितिलाई बधाई तथा शुभकामना दिए ।

# प्रसिद्ध शिक्षाविद् साहको निधन



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
रामकृष्ण महाविद्यालय मधुबनीका भौतिकशास्त्र विभागका पूर्व प्रमुख प्राध्यापक राम स्वरूप साहको ८८ वर्षको उमेरमा गुरुपूर्णिमाका दिन अगस्ट १० मा मधुबनीमा निधन भएको छ ।
उनी भौतिकशास्त्रका प्राध्यापक थिए । उनका शिष्यहरूले नेपाल र भारतका उच्च पदहरूबाट इन्जिनियर, डाक्टर र अन्य विभागका रूपमा अवकाश लिएका छन् भने केही अझै पनि सरकारी सेवामा छन् । उनको आरएसएस लज प्रसिद्ध थियो । नेपाल र मधुबनी, सुपौल, सहरसा, पूर्णियाका विद्यार्थी एउटै लजमा बसेर अध्ययन गर्थे । कार्यक्रममा विधायक समिरकुमार महासेठ, हरिभूषण ठाकुर बचौल, अरुण शंकर प्रसाद, पूर्व विधायक पार्षद सुमन कुमार महासेठ, हिमालिनीका प्रबन्ध निर्देशक ई. सच्चिदानन्द मिश्र, पूर्व मुखिया डा रामप्रसाद साह, तेली कल्याण समाज नेपालका महासचिव सत्यनारायण साह, पूर्व प्रधानाध्यापक मढुराम साहब, पूर्व प्रधानाध्यापक सूर्य नारायण साह, पूर्व तेली समाज मधुबनीका जिल्ला रामप्रीत साह, मधुबनी जिल्ला अध्यक्ष हीरालाल साहलगायत अन्य महानुभावले शोक प्रकट गरेका छन् । साहका तीन छोरा रतन कुमार, राजेश कुमार रञ्जन, राकेश कुमार र दुई छोरी छन् ।

# ‘घरमै सुरक्षित छैनन् छोरी’

**गोरखा ।**
असार १४ गते जिल्ला प्रहरी कार्यालयमा एउटा फोन आयो । गोरखा नगरपालिका–११ को एक विद्यालयमा पढाउने शिक्षिकाले प्रहरीलाई ११ वर्षीया बालिकालाई निजका बुबाले जबरर्जस्ती करणी गरेको भन्दै उजुरी दिइन् ।
प्रहरीले तत्कालै बालिकाको घर पुगेर निजका बुबालाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान थाल्यो । हाल निजका बुबाविरुद्ध बालयौन दुव्र्यवहार शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिए । ‘आमा शारीरिक रूपमा अशक्त भएपछि बुबाले रक्सी सेवन गरी छोरीमाथि यौन शोषण गर्ने गरेका अनुसन्धानका क्रममा पाएका छौँ,’ उनले भने ।
घटनाभन्दा १५ दिनअघि जिल्ला प्रहरी कार्यालयमा त्यस्तै प्रकृतिको अर्को घटना दर्ता भएको थियो । गोरखा–५ की १७ वर्षीया किशोरी शारीरिक रूपमा अशक्त भएकै कारण बुबाबाट यौन शोषणमा परेकी छिन् । पारिवारिक झगडाका कारण आमाले छोडेपछि रेखदेख गर्ने नाममा बुबाबाट यौन शोषण भोग्नु परेको उनी बताउँछिन् ।
‘रक्सी खाएर बुबाले वर्षौँदेखि उनीमाथि डरत्रास, धाकधम्की देखाएर यौन शोषण गर्दै आएका रहेछन्,’ प्रहरी उपरीक्षक विकले भने, ‘सहनै नसक्ने भएपछि छरछिमेकले घटनाबारे प्रहरीलाई जानकारी गराएपछि अरोपीलाई नियन्त्रणमा लिई जबर्जस्ती करणी शीर्षकमा अदालतमा मुद्दा दर्ता गरेर थप अनुसन्धान गरिरहेका छौँ ।’
गोरखा–८ की १५ वर्षीया किशोरीको कहानी पनि परक छैन । उनले बुबाबाट यौन शोषणमा पर्ने गरेको भन्दै प्रहरीमा उजुरी दिएपछि निजका बुबालाई पक्राउ गरेर जबर्जस्ती करणी शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरी उपरीक्षक विकले जानकारी दिए । आमा विदेशमा रहेकाले बुबाले रक्सी खाएर छोरीमाथि यौन दुव्र्यवहार गर्ने गरेका अनुसन्धानका क्रममा पाइएको प्रहरीले जनाएको छ ।
प्रहरीमा जानकारीमा आएकाबाहेक पनि यस्ता धेरै घटना गाउँबस्तीमा छन् । ‘घटनाको प्रकृति र परिवेश अध्ययन गर्दा विशेषगरी आर्थिक, सामाजिक रूपमा पछाडि पारिएका समुदायमा यस्तो घटना बढी घटिरहेका छन्,’ प्रहरी उपरीक्षक विकले भने, ‘शिक्षा, चेतनाको अभाव, मादकपदार्थ सेवन, पारिवारिक झगडालगायत कारणले यस्ता घटना बढी हुने गरेका पाइएको छ ।’ रासस

# कानून समाजद्वारा अन्तरक्रिया



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा कानुन समाजको आयोजनामा ‘फौजदारी र विशेष अदालतको भूमिका र अवधारणा बारे’ अन्तरक्रिया काठमाडौँको सिनामंगलमा भएको छ ।
कार्यक्रमको अध्यक्षता अधिवक्ता सन्तोष यादवले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि प्रशासकीय अदालतका पूर्वअध्यक्ष काशीराज दाहाल थिए । दाहालले कर्मचारी समायोजन, कर्मचारीलाई पर्ने समस्या र आफ्नो अनुभव बताए ।
साथै, भ्रष्टाचार दिनप्रतिदिन बढ्दै छ तर न्यूनीकरण गर्ने कसैले नसकेको उनले बताए । दाहालका अनुसार यदि कुनै कार्यालय प्रमुखले भ्रष्टाचार गर्दैन भने त्यस कार्यलयको ९९% भ्रष्टाचार त्यही अन्त्य हुने गर्दछ ।
सचिव मनिस मण्डल अनुसार अन्तरक्रिया लोकतन्त्रको आत्मा हो । समावेशीता यसको प्राण र अन्तरक्रियाले हुन्छ ।

# मन्त्री अधिकारीलाई निलम्बन...

यस्तै, यही प्रकरणका बिचौलिया सुजन लामालाई सदस्यताबाटै हटाउने निर्णय भएको छ ।
एमाले कास्की सचिव दर्शन लामाले जिल्ला कमिटीको पदाधिकारी बैठकले सुजनको सदस्यता नवीकरण नगर्ने निर्णय गरेको बताए । सुजन एमाले गण्डकी प्रदेश कमिटीको सल्लाहकार समिति सदस्य तथा एमालेनिकट लोकतान्त्रिक आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशको अध्यक्ष हुन् । सदस्यता नवीकरण नगर्दा सुजनको सल्लाहकार समिति सदस्य पद गएको छ ।
शनिबार पोखरामा भएको एमाले जिल्ला पदाधिकारी, पालिका पदाधिकारी तथा जनवर्गीय संगठनको भेलामा बोल्ने नेताहरुले मन्त्री अधिकारीलाई निलम्बन गरी अनुसन्धान गरिनुपर्ने माग गरेका थिए । कारबाही नै भन्ने कुरा नगरिए पनि पदमुक्त गर्नुपर्ने विषय सर्वसम्मत बनेको थियो ।
जग्गा हडप्ने प्रकरणमा मालपोतका कर्मचारीको विषयलाई लिएर घुस डिल गरेको अडिओ सार्वजनिक भइसकेपछि राजकुमार गुप्ताको सामान्य प्रशासन मन्त्री पद गइसकेको छ । यही प्रकरणमा भूमि व्यवस्था मन्त्री बलराम अधिकारीको पनि नाम मुछिएको छ ।
सामान्य प्रशासनमन्त्री गुप्ताले प्रधानमन्त्री केपी शर्मा ओलीको दबाबमा राजीनामा दिइसक्दा सोही प्रकरणमा मुछिएका अधिकारी भने मन्त्री नै छन् ।



**नदीमा पौडी खेल्दै बालकहरुः** गर्मी बढेसँगै सर्लाहीको धनकौल गाउँपालिका–४ महिनाथपुरस्थित मनुष्मारा नदीमा पौडी खेल्दै रमाउँदै बालकहरु । यहाँ वर्षा नहुँदा अत्यधिक गर्मी बढेको छ । तस्बिरः रासस

# वर्षमा ४ हजार भन्दा बढी मुद्दाको किनारा

*१ वर्षको अवधिमा लेनदेनका ९ सय ८७, जग्गा खिचौलाका ९ सय ६९, सम्बन्ध बिच्छेदका ३ सय २२, चेक अनादरका २ सय ५०, ज्यान मार्ने उद्योग–कर्तव्य ज्यानका १ सय २७, जबरजस्ती करणीका १ सय १६, चोरी डाँकाका १ सय १०, घरेलु हिंसाका ९५, अनुचित लेनदेन, ठगी तथा आपराधिक विश्वासघातका ८२, लागु औषधका ६९ र बोक्सी आरोपमा ३७ लगायत अन्य गरी यस अवधिमा ४ हजार ७ सय ८४ मुद्दा दर्ता भएका थिए ।*

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरी जिल्लामा सबैभन्दा बढी अंशवण्डासम्बन्धी मुद्दा अदालतमा दर्ता भएको पाइएको छ । जिल्ला अदालतद्वारा शुक्रबार गरिएको आव २०८१–८२ को वार्षिक लक्ष्य र कार्य प्रगति सम्बन्धमा सञ्चारकर्मीसँगको अन्तरक्रियामा यस्तो तथ्य सार्वजनिक गरिएको हो ।
अदालतका श्रेस्तेदार कृष्णप्रसाद अधिकारीद्वारा प्रस्तुत वार्षिक लक्ष्य र कार्य प्रगति विवरणमा आव २०८१–८२ मा दर्ता भएकामध्ये सबैभन्दा बढी अंशवण्डाका २ हजार २ सय ४६ मुद्दा थिए । जसमध्ये १ हजार ४ सय ८ मुद्दा फर्स्यौट भएको छ । यस्तै, १ वर्षको अवधिमा लेनदेनका ९ सय ८७, जग्गा खिचौलाका ९ सय ६९, सम्बन्ध बिच्छेदका ३ सय २२, चेक अनादरका २ सय ५०, ज्यान मार्ने उद्योग–कर्तव्य ज्यानका १ सय २७, जबरजस्ती करणीका १ सय १६, चोरी डाँकाका १ सय १०, घरेलु हिंसाका ९५, अनुचित लेनदेन, ठगी तथा आपराधिक विश्वासघातका ८२, लागु औषधका ६९ र बोक्सी आरोपमा ३७ लगायत अन्य गरी यस अवधिमा ४ हजार ७ सय ८४ मुद्दा दर्ता भएका थिए ।
अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको ३ हजार ५ सय ५७ र यस वर्ष नयाँ दर्ता भएका ४ हजार ७ सय ८४ गरी ८ हजार ३ सय ४१ पुगेकामा त्यसमध्ये ४ हजार ६ सय ४५ अर्थात ५५ दशमलव ६८ प्रतिशत मुद्दा फर्स्यौट भएको नायब सुब्बा ललन कर्णले जानकारी दिए ।
अदालतका तहसिलदार भोलानाथ धमलाका अनुसार यस अवधिमा न्यायाधीश उदवीर नेपालीले सर्वाधिक ६ सय ४ मुद्दालाई किनारा लगाएका छन् । यस्तै, न्यायाधीश मणिराम न्यौपानेले ५ सय ५२, न्यायाधीश तिलक बहादुर कार्कीले ५ सय २८, न्यायाधीश टंक बहादुर महतले ५ सय २०, न्यायाधीश किशोर घिमिरेले ४ सय ८४, मुख्य न्यायाधीश दीपक कुमार दाहालले ४ सय ६१, न्यायाधीश मोहन बहादुर अधिकारीले ४ सय १३, न्यायाधीश महेन्द्र बहादुर थापा क्षेत्रीले ३ सय ७२, न्यायाधीश दिपक धितालले ३ सय ५८, न्यायाधीश रोमनाथ अधिकारीले २ सय ९४ तथा सरुवा भई अन्यत्र गएका न्यायाधीशहरुबाट ५९ गरी ४ हजार ६ सय ४५ मुद्दा अदालतबाट फर्स्यौट भएको छ ।



अदालतका सूचना अधिकारी उमेश कुमार अर्यालका अनुसार यस अवधिमा मेलमिलाप केन्द्र तथा फाँटगत मिलापत्र प्रकृयाद्वारा १ हजार १ सय ८२ मुद्दा फर्स्यौट गरिएको छ । यसै अवधिमा अपराध पीडितलाई भराउनु पर्ने क्षतिपूर्ति रकम १ करोड ५८ लाख ७२ हजार ७ सय ७६ रुपैयाँमध्ये ८ लाख ६२ हजार ६ सय १८ रुपैयाँ पीडक पक्षबाट क्षतिपूर्ति भराइएको अदालतका आइटी प्रमुख विनोद कुमार महतोले जानकारी दिए ।
मुख्य न्यायाधीश दीपक कुमार दाहालले अदालतको जनशक्ति र श्रोत साधनका हिसाबले न्यायसम्पादन सन्तोषजनक भएको बताए । उनले अदालत प्रशासन सुधार तथा न्यायालय र नागरिकबीचको सम्बन्धलाई अझ प्रगाढ बनाई न्याय सेवालाई थप प्रभावकारी बनाउने कार्ययोजना बनाइएको सुनाए । उनले यस्ता कार्ययोजनाले सार्थकता पाए न्यायालयप्रति विश्वासमा बढोत्तरी हुने जिकीर समेत गरे ।

# कानून व्यवसायी साहको दुर्घटनामा मृत्यु



**मधेशदृष्टि**
**राजविराज ।**
उपचार तथा छोरालाई भेट्न धरान हिँडेका राजविराजका कानून व्यवसायीको सवारी दुर्घटनामा मृत्यु भएको छ । सप्तरीको राजविराज नगरपालिका–७ निवासी ५० वर्षीय अधिवक्ता बिमल कुमार साहको शुक्रबार सवारी दुर्घटनामा मृत्यु भएको हो । सप्तरीकै बोदेबर्साइन नगरपालिका–९, सिम्रहा टोल पुख्र्यौली घर भएका उनी बिहान ७ बजे मोटरसाइकल चढेर धरानमा रहेका छोरा भेट्न तथा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउने योजनाका साथ निस्केका थिए । तर उनी चढेको मोटरसाइकल गन्तव्यसम्म नपुग्दै सुनसरीको तरहरा–धरान सडकखण्डको जंगल क्षेत्रमा दुर्घटनामा प¥यो । उनलाई अस्पताल पु¥याउँदा चिकित्सकले मृत घोषित गरे । कसैले उनी सवार मोटरसाइकललाई चारचक्के सवारी साधनले ठक्कर दिएको त कसैले सडक किनारमा रहेको विद्युतीय पोलमा ठोकिएर दुर्घटना भएको बताए पनि प्रहरीले दुर्घटनाको कारण खुल्न नसकेको र सोबारे अनुसन्धान भइरहेको जनाएको छ ।
साह उच्च अदालत बार एसोशिएसनका पूर्व सचिव थिए । धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टमपश्चात उनको शव घर ल्याएर दाहसंस्कार गरिएको छ ।
यता, रौतहटको गरुडामा शुक्रबार राति सवारी दुर्घटनामा परेर एकजनाको मृत्यु भएको छ भने अर्का एकजना घाइते भएका छन् ।
तीव्र गतिमा ना ५ च १५८ नम्बरको पिकअप गाडीले गरुडाबाट चपुरतर्फ आउँदै गरेको बिआर ३० यु ४४१४ नम्बरको भारतीय मोटरसाइकललाई ठक्कर दिँदा माधवनारायण नगरपालिका–२, खेसरहियाका ४० वर्षीय दिनानाथ साहको मृत्यु भएको हो । घटनामा मोटरसाइकलमा सँगै सवार रहेका अर्का व्यक्ति गरुडा नगरपालिका–८ बसबिट्टी जिन्गाडीया निवासी शम्भु प्रसाद रौनियार गम्भीर घाइते भएका छन् । हाल रौनियार अनामिका अस्पतालमा उपचाररत छन् ।

# सार्वजनिक जग्गामा निर्माण भइरहेको भौतिक संरचना रोक्न आग्रह



**मधेशदृष्टि**
**राजविराज ।**
एक समुदायले सार्वजनिक जग्गा मिचेर भौतिक संरचना निर्माण गर्न लागेको भन्दै विश्वहिन्दू परिषद नेपाल सप्तरीले आपत्ति जनाएको छ । परिषदले निर्माण कार्यमा रोक लगाउन स्थानीय प्रशासनसित माग गरेको छ । परिषदका जिल्ला अध्यक्ष केशव कुमार सिंह र सचिव विष्णु देव चौधरीको अगुवाइमा शुक्रबार जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेको हो ।
ज्ञापनपत्रमा लामो समयदेखि खेलमैदानका रुपमा प्रयोग हुदै आएको राजविराज नगरपालिका–२ स्थित सार्वजनिक जग्गामा सोही वडाका मुस्लिम समुदायले भौतिक संरचना निर्माण गर्न लागेको उल्लेख छ । खेलकुदका लागि प्रयोग हुदै आएको सार्वजनिक तथा सरकारको स्वामित्वमा रहेको जग्गामा कुनै धर्म विषेश र समुदायलाई आफ्नो गतिविधि गर्न भौतिक संरचना निर्माणको अनुमति र नगरपालिकाले ५ लाख रुपैयाँ बजेटसमेत विनियोजन गरेकामा आपत्ति जनाउँदै परिषदले ज्ञापनपत्रमार्फत अविलम्ब यस्तो कार्य रोक्न माग गरेको छ ।
परिषदले यसअघि जग्गामा गर्न लागिएको भौतिक संरचना निर्माण कार्य रोक्न सर्वदलीय बैठकबाट गरिएको निर्णयको स्मरण गराउँदै निर्णय कार्यन्वयन गराउन पहल नगरिए त्यसबाट उत्पन्न हुने असहज परिस्थितिको सम्पूर्ण जिम्मेवार स्थानीय प्रशासन नै हुने भनी ज्ञापनपत्रमार्फत चेतावनीसमेत दिएको छ । ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले यसबारे सबैसँग सरसल्लाह गरी आवश्यक निर्णय लिइने प्रतिबद्धता जनाए ।

# निःशुल्क कम्प्युटर तालिम समापन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १६ का वडा अध्यक्ष रामचन्द्र पंजियारको व्यक्तिगत पहल तथा सहयोगमा सञ्चालित निःशुल्क कम्प्युटर तालिम समापन भएको छ । तालिमबाट ४० जना स्थानीय युवायुवती लाभान्वित भएका छन् ।
वडाका विद्यार्थीलाई लक्षित गरी सञ्चालित तालिममा सहभागीमध्ये उत्कृष्ट प्रदर्शन गर्ने दुई जनालाई कम्प्युटर सेट प्रदान गरिएको छ । प्रतिभा पण्डित र विटु कुमार मण्डलले समान अंक प्राप्त गरेकाले गोलाप्रथामार्फत मण्डललाई प्रथम घोषित गरिए पनि दुवै जनालाई कम्प्युटर पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै, निशान्त मिश्र द्वितीय र युवराज ठाकुर तृतीय भएका छन् ।




अध्यक्ष पंजियारले विदेशिने युवा प्रायः सीपविहीन भएर जानु पर्ने बाध्यता रहेको उल्लेख गर्दै दक्षता अभिवृद्धिका लागि यस्तो तालिम सञ्चालन गरिएको बताए । उनले भने, 'विकास केबल सडक निर्माणमा सीमित हुँदैन, सीप विकास पनि समृद्धिको आधार हो ।'
पंजियारले भविष्यमा पनि यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाउँदै विद्यार्थीहरूलाई लगनशील भएर सीपलाई सहित प्रयोग गर्न आह्वान गरे ।
तालिम सञ्चालनका लागि अध्यक्ष पंजियारले आफ्नै लगानीमा २० वटा कम्प्युटर खरिद गरेका थिए । तालिमले सहभागीमा डिजिटल सीप विकास गर्दै स्थानीयस्तरमै रोजगारीका अवसर सृजना गर्न मद्दत गरेको आयोजक पक्षले जनाएको छ । स्थानीय युवाले यस्तो तालिमबाट आफूहरूको ज्ञान र आत्मविश्वासमा वृद्धि भएको अनुभव सुनाउँदै वडाध्यक्षप्रति आभार व्यक्त गरेका छन् ।


## श्री जनता नमूना माध्यमिक विद्यालय गिद्धा-बेलापट्टी

(प्राविधिक तथा व्यवसायिक शिक्षा अनुमति प्राप्त)
(धनुषा)
स्था. २००८ साल

पत्र सं.२०८२/०८३
चलानी नं.
मिति : २०८२/०३/०३

**विषय :- करार शिक्षक पदपूर्ति सम्बन्धि खुल्ला विज्ञापन गरिएको बारे ।**

प्रस्तुत विषयमा यस विधालयको वि.ब्य.समितिको मिति : २०८२/०३/३० गतेको निर्णय अनुसार तथा शिक्षा विकास तथा समन्वय एकाइ,धनुषाको प.सं.२०८१/०८२ च.नं.२३४४ मिति २०८२/०३/२६ को प्राप्त नियुक्ति अनुमति पत्र तथा नगरपालकिाको पत्र बमोजिम तपशिल अनुसारको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको सर्त बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि सहित सुचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र आवेदन पेश गर्नुहुन अह्वान गरिन्छ ।

तपशिल

| क सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | विषय | पद सं. | शैक्षिक योग्यता | अन्य योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/८३ | करार शिक्षक | उ.म.वि.शिक्षक | अर्थशास्त्र | १(एक) | सम्बन्धित विषयमा स्नातकोतर वा सो सरह उतीर्ण | अनुभवीलाई ग्राहिता दिइने छ । | |
| २ | ०२/०८२/८३ | करार शिक्षक | उ.म.वि.शिक्षक | लेखा | १(एक) | सम्बन्धित विषयमा स्नातकोतर वा सो सरह उतीर्ण | अनुभवीलाई ग्राहिता दिइने छ । | |
| ३ | ०३/०८२/८३ | नगर करार शिक्षक | नि.मा.वि.शिक्षक | अंग्रेजी | १(एक) | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण वा सो सरह | अध्ययापन अनुमति पत्र भएको | |
| ४ | ०४/०८२/८३ | नगर करार शिक्षक | प्रा.वि.शिक्षक | | १(एक) | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उतीर्ण वा सो सरह | अध्ययापन अनुमति पत्र भएको | |

**विज्ञापन सम्बन्धि अन्य जानकारी**

१) शिक्षक नियुक्ति पूर्ण कालिन करारमा हुनेछ ।
२ उमावि को हकमा २२ वर्ष पुरा भई ४० वर्ष ननाघेको र आधारभूत तहको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
३) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
४) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी भ्रष्टाचारको अभियोगमा प्रमाणित नभएको ।
५) कुनै पनि राजनिति दल वा तिनका भातृ संगठनहरुमा प्रतिनिधि सदस्य -निर्वाचित वा मनोनित रुपमा आवद्व नभएको ।
६) उ.मा.वि.तहको लागि स्नातकोत्तर उत्तीर्ण गरेको र आधारभूत तहको लागि प्रविणता प्रमाणपत्र तह उतीर्ण भएको ।
७) तलब भत्ता : नेपाल सरकारको प्रचलित ऐन नियम अनुसारको प्रचलित स्केल र नगर शिक्षकको हकमा नगरपालिकाको प्रचलित स्केल ।
८) परीक्षाको किसिम : लिखित, अन्तरवार्ता तथा कक्षा अवलोकन । (प्रगोगात्मक परीक्षा)
९) परीक्षा दस्तुर उ.मा.वि.शिक्षकको २०००।०० अक्षरेपी दुई हजार र आधारभूत शिक्षकको लागि १०००।०० अक्षरेपी एक हजार मात्र यस एन.आई.सी.एसिया बैकको खाता नं.डी ५४१०००४४५९५२४०२ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्तसाथ पेश गर्नुपर्ने छ ।
११) दरखास्त दिने मिति : २०८२/०४/०३ देखि २०८२/०४/१८ गते सम्म (कार्यलय समय भित्र)
११) सबै परीक्षा हुने मिति : शिक्षक छनौट समितिबाट निर्णय भए बमोजिम हुनेछ र सो पछि जानकारी गराइन्छ ।
१२) सम्पर्क मिति २०८२/०४/१९ गते

........................
प्रधानाध्यापक

सम्पर्क नं. : ९८५४०२६७२३, ९८४४४२३६६५

## सम्पादकीय

# आलम फेरि अदालती कठघरामा

रौतहट बमकाण्डमा जिल्ला अदालतबाट जन्मकैदको सजाय तोकिएका नेपाली कांग्रेसका नेता मोहम्मद आफताब आलमलाई उच्च अदालतले दिएको सफाइ शंकाको घेरामा परेको छ । सफाइको फैसलाविरुद्ध महान्यायाधीवक्ताको कार्यालय नै सर्वोच्च अदालत पुगेपछि आलमको सफाइमा सरकार नै असन्तुष्ट देखिएको हो । र, सरकारले गरेको यो कामले जनतामा भने सन्तुष्टि नै देखिएको छ । भला, यसले कांग्रेससँगको गठबन्धनमा तिक्तता पनि आउन सक्ला । महान्यायाधीवक्तको कार्यालयले पुनरावेदन पत्र दर्ताका लागि सर्वोच्चमा पेश गरेपछि यसबारे नयाँ तरंग बाहिरिएको हो।

आलमलाई सफाइ दिने उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजको फैसलाविरुद्ध पुनरावेदन पत्र दायर गर्ने महान्यायाधीवक्ताको कार्यालयको निर्णय नै यसमा सबैभन्दा महत्वपूर्ण हो।

रौतहट पुगेर पार्टी सभापति शेरबहादुर देउवाले नै पार्टीले आलमलाई न्याय गर्ने बताइरहँदा उनै देउवाको संरक्षणमा रहेको सरकारबाटै पुनरावेदन गर्ने कार्य जनताको चाहना अनुरुप नै भएको देखिन्छ। आलमलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भनेर महान्यायाधीवक्ताको कार्यालयले विभिन्न आधार तय गरेको छ । घाइते अवस्थाका पिन्टु भनिने त्रिलोकप्रताप सिंह राजपुत र ओसि अख्तरलाई जिउँदै जलाइ कर्तव्य गरी मारेको घटनाको सन्दर्भमा मुद्दा चलाउनुपर्ने अवस्था देखिएको पनि जिकीर छ । मुद्दा नचलाउने गरी भएको २०६५ असार ९ गतेको जिल्ला सरकारी वकिल कार्यालय हेटौँडाको निर्णयलाई समेत बदर गर्ने महान्यायाधिवक्ताको कार्यालयको २०६५ असार ३० गतेको निर्णय उत्प्रेरणको आदेशद्वारा बदर गरेको छ । मुद्दाको गम्भीर रूपले अनुसन्धान गरी कारबाही गर्नु भनी आदेश भएको हुँदा घटित वारदातका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशलाई समेत उपेक्षा गरेको स्पष्ट देखिएको हुँदा फैसला त्रुटिपूर्ण भएको महान्यायाधीवक्ताको कार्यालयले पुनरावेदन पत्रमा भनेको छ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले जेठ १४ गते आलमलगायतलाई सफाइ दिने फैसला गरेको हो । फैसलाको पूर्णपाठ सार्वजनिक भइसकेपछि उच्च सरकारी वकिलको कार्यालयले मुद्दाको पुनरावेदन गर्नुपर्ने रायसहित महान्यायाधीवक्ताको कार्यालयमा रायसहितको प्रतिवेदन पठाएको थियो । प्रतिवेदनको अध्ययनपश्चात् महान्यायाधीवक्ताले पुनरावेदनमा जाने निर्णय गरेका थिए । रौतहटको राजपुरमा २०६४ चैत २७ मा भएको बमकान्डमा घाइते भएका गौरीशंकर राम चमार उच्च अदालतले आलम लगायतलाई सफाइ दिने फैसला गरेलगत्तै घटनाको यथार्थ सार्वजनिक गर्न भन्दै काठमाडौ आइपुगेका थिए। उनले बम विस्फोटकै कारण आफू घाइते भएको बताएका थिए । सरकार नै आलमविरुद्ध अदालत गएपछि सफाइपछि पनि सार्वजनिक हुन कठिन भइरहेका र गम्भीर बिरामी परेका आलमलाई अरु दबाब पर्ने पक्का छ।

# विद्या भण्डारीलाई निषेध होइन स्वागत गरेर पार्टी काम दिनुपर्छ



**आनन्द पोखरेल**

सचिवालय बैठकले १० घण्टा समय लामो छलफलपछि तयार पारेको विधान महाधिवेशनसम्बन्धी प्रस्तावित विधान मस्यौदा प्रस्ताव र अन्य दस्तावेज हामीसामु प्रस्तुत भएको छ । यो दस्तावेज सुनेर मनन् गरेपछि मेरो मनमा एकैपटक दुई वटा भावना उत्पन्न भए, खुशी र गम्भीरता । दशौँ महाधिवेशनमा जब ७० वर्षे प्रावधान प्रस्तुत भयो, पास भयो, मैले विश्वास गर्न थालेँ, अब नेतृत्वमा नयाँ पुस्ताको आगमन हुनेछ । शंकर पोखरेल जस्ता ऊर्जाशील कमरेडहरू अध्यक्ष बन्ने छन्, आशा पलाएको थियो। आज आशा गरेकै कमरेडहरुबाटै वर्तमान विधान संशोधनको नयाँ प्रस्ताव बैठकमा प्रस्तुत भएपछि मेरो विगतको विश्वास खण्डित भएको छ । प्रस्तावले वर्तमान अध्यक्षको निरन्तताको परिकल्पना गरेको महसुस गरेको छ।

म खुशी छु किनकि ३२ वर्षअगाडि प्रजातन्त्रिक युवा संघको प्रथम अधिवेशनबाट निर्वाचित अध्यक्ष कमरेड केपी शर्मा ओलीको पदाधिकारी टिमको प्रचार सचिव हौँ । केपी शर्मा ओली र मबाहेक तत्कालीन टिमको साथीहरु बैठकमा छैनन् । धेरैले पार्टी छोडे ! केही व्यावसायिक रुपमा पार्टी सदस्य जोगाएर बस्नु भएको छ । म तत्कालीन जनपक्षीय राजनीतिको निर्वाचित योद्धा पनि हुँ । रेकर्ड हेर्दा हुन्छ, पुरानो पार्टी सदस्य पनि हुँ । म ३२ वर्षदेखी जितमा, हारमा, दुःख र खुशीमा केपी ओली सँगै छु। म उहाँसँग संघर्ष र सफलताको यात्रामा अगाडि बढ्ने पुराना साथीहरूमध्ये पनि एक हुँ।

यस्तो समयमा, मैले अध्यक्षज्यूसँग मिलेर पार्टीको यात्रालाई पुनः निरन्तरता दिन अवसर पाउने सम्भावना बढेकामा गर्वको महसुस गरेको छु । निर्वाचित पञ्चायतविरोधी जनपक्षीय योद्धा पनि सायद म मात्रै छु । अध्यक्ष कमरेड दशौँ महाधिवेशनपछि विधानतः ७० वर्षपछि रिटायर हुने सोच बनाएको थिएँ। ११ औँ महाधिवेशनपछि ७० हुन २ वर्ष मात्र बाँकी रहन्थियो बाँकी जीवनको त्यही अनुसार मार्गचित्र बनाएको थिएँ । तर प्रस्तुत दस्तावेजले अहिले मलाई जीवनको मार्गचित्र फेर्न प्रेरित गरिरहेको छ।

अब म मेरो राजनीतिक जीवन सक्रिय राख्नेछु। ३२ वर्षपछि कमरेड केपि शर्मा ओलीको टिममा पुनः पदाधिकारीका रुपमा पार्टीको राजनीतिक, सांगठनिक र राजकीय काममा सँगै हुने अवसरको ढोका खोलेको महसुस गरेको छु। यस्तो जीवनको नयाँ बाटोमा जाने क्रान्तिकारी प्रस्ताव ल्याएकामा सचिवालयलाई धन्यवाद दिन्छु । जबसम्म स्वास्थ्यले साथ दिन्छ, म संविधान, पार्टी विधान र कानूनले दिएको क्षेत्रधिकारभित्र रही देश र जनताको सेवामा समर्पित रहनेछु । आवश्यक परे राजकीय जिम्मेवारीका लागि प्रतिस्पर्धा गर्न पछि नहट्ने कुरा राख्न चाहन्छु।

अब विधानमा आवश्यक संशोधन प्रस्ताव राख्न चाहन्छुः पहिलोः काठमाडौँ उपत्यका भूगोल र उपत्यका विशेष कमिटीबीच समन्वय अभाव छ। विशेषका १३ हजार पार्टी सदस्य भूगोल बाहिर छन्, उनीहरुलाई भूगोलमा प्रभावकारी रुपमा परिचालन गर्न यी दुई संस्थालाई एउटै बनाउने र त्यसअनुसार विधानलाई संशोधन गर्न जरुरी छ । जसबाट उपत्यकाको निर्वाचन नतिजालाई सकारात्मक प्रभाव पार्दछ। दोस्रोः वर्तमान विधानले प्रदेशस्तरमा प्रतिनिधि छनोट प्रक्रियामा स्पष्टता दिन सकेको छैन। त्यसैले, विधान संशोधनमार्फत अधिवेशनका प्रतिनिधि छनौट प्रक्रिया सरल, पारदर्शी र निष्पक्ष बनाउनु अत्यावश्यक छ । तेस्रोः सम्पर्क मञ्चले उपत्यकामा रहेका सम्बन्धित जिल्लाका नेता र कार्यकर्तालाई समर्थकलाई जोड्ने काम गर्छ । तर जिल्लासँग जोड्ने र समन्वय गर्न अहिले अप्ठ्यारो महसुस भएको छ । बागमतीका जिल्लाका अधिकांश जनता राजधानी केन्द्रित छन् । मञ्चले सबैलाई समन्वय गर्न कठिन हुन्छ। त्यसैले सम्पर्क मञ्चलाई सम्बन्धित जिल्ला कमिटीसँग मजबुत सम्बन्ध र समन्वयमा ल्याउनु आवश्यक छ। चौथोः आज गाउँहरू खाली हुँदै गएका छन्, तर मतदाता राजधानी वा विदेशमा बसिरहेका छन् । तसर्थ, अस्थायी रूपमा उपत्यका बसोबास गरिरहेका मतदातालाई केन्द्रमा राखेर विशेष पुनर्संरचना गर्नु हाम्रो राजनीतिक अभियानको आवश्यकता हो । पाँचौँः पार्टीले अब दुई प्रकारका सदस्यता दिने प्रणाली विकास गर्न आवश्यक छ।

छैटौँ– राज्यको संरचनाअनुसार जिल्लालाई समन्वयकारी कमिटी बनाउँ । अहिलेको कार्य विभाजन त्यसअनुसार उन्मुख छ। सातौँ निर्वाचन क्षेत्र समन्वय कमिटीको भूमिकामा थप अधिकार प्रदान गरेर जनतालाई संगठित गर्ने जिम्मेवारी प्रभावकारी बनाउन सकिन्छ। अध्यक्ष कमरेड एकता र द्वन्द्व व्यवस्थापन पार्टीको अहिलेको आफ्नो मुख्य उद्देश्य 'नेकपा एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने' र मिसन २०८४ मा एकल बहुमतका सरकार बनाउनु हो। यसका लागि सबैभन्दा ठूलो चुनौती घेराबन्दी तोड्ने, आन्तरिक एकता मजबुत गर्ने र द्वन्द्व व्यवस्थापन हो। अध्यक्ष कमरेडले यो चुनौती पार लगाउन सक्षम हुनुहुन्छ भन्ने पूर्ण विश्वास छ।

यसका लागि हामी सबैको जिम्मेवारीबोध र ऐक्यवद्धता र निष्ठा आवश्यक छ । इतिहासको समीक्षा गर्दा हामीले विगतमा आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न सकेनौँ, बाह्य हस्तक्षेपलाई रोक्न सकेनौँ । आन्तरिक अन्तरविरोधलाई गणितमा टुंग्याउने प्रयत्न गरे। कारण विभाजनको पीडा भोग्यौँ, २०५४,२०७६ र २०७८ का पार्टी विभाजनको पीडा भोगेर आएका घटना अझै हाम्रा आँखा अगाडि ताजै छन्। यदि त्यो विभाजन रोक्न सकेको भए आजको एमाले २०५१ सालदेखि अहिले निरन्तर राष्ट्र र सरकारको नेतृत्व गरिरहेको हुन्थ्यो। आज नेपाल विकासशील राष्ट्र मात्र होइन, मध्यम आय भएको मुलुकमा रुपान्तरण भइसकेको हुन्थ्यो। यसो नहुनुमा पार्टीभित्रको आन्तरिक अन्तरविरोध हल नहुनु हो। द्वन्द्व विभाजनको तहमा पुग्नु हो। विधान महाधिवेशनले कोरेको मार्गले ११ औँ महाधिवेशन भव्यसभ्य र एकताबद्ध हुनेछ । बिगतको त्रासदिमुक्त हुनेछ।

निष्कर्षः हामीलाई इतिहासबाट सिक्ने अझै मौका छ । हामीलाई सुधार गर्ने अवसर छ । हामीले एक अर्काको मन जितेर व्यवहारतः पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउने संकल्प गर्नुपर्ने आवश्यकता छ। यस सन्दर्भमा, म अध्यक्ष कमरेड केपी ओली र सम्पूर्ण नेतृत्व पंक्तिलाई अनुरोध गर्न चाहन्छु, पार्टीमा विधिसम्मत काम गर्न चाहने पार्टीमा पुन क्रियाशील हुन चाहने पूर्व राष्ट्रपतिलगायत सबैलाई निषेध गरेर होइन, खुला स्वागत गरेर काममा लगाउनु पर्छ ! पार्टीभित्र र बाहिर एमालेमा मनोवैज्ञानिक, भावनात्मक, राजनीतिक, सांगठनिक र पार्टीको आन्तरिक एकता मजबुत गर्दै सबै द्वन्द्व समाधान गरी पार्टीलाई निर्णायक शक्ति र एकल बहुमतको सरकार बनाउनसक्ने सन्देश दिन यो नेतृत्व र बैठक सफल हुनेछ।

# झोलेहरूका नाममा

**लेखनाथ भण्डारी**

शिक्षकले वा बाआमाले 'गधाको जस्तो छ तेरो बुद्धि' भने असहज लागे पनि सहन सकिन्छ । यही कुरा साथी वा दाजु दिदीले भन्दाचाहिँ गुरु र मातापिताले भनेजस्तो सहज लाग्दैन । तर बजार वा सडकमा कसैले 'ए गधा !' भन्यो भने त सहनै सकिन्न। आखिर सम्बोधन त सबैले एउटै गरेका हुन् । एउटै कुरा भन्ने, बुझ्ने र प्रतिक्रिया जनाउने कुरा पनि सम्बन्ध, समय र भूगोलले निर्धारण गर्दो रहेछ । माता–पिताले भनेको,दाजु–दिदीले भनेको वा सडकमा जो कसैले भनेको एउटै कुराको अर्थ फरक हुनुको कारण हो, त्यो भन्नुको अन्तर्य,उद्देश्य र सन्देश ।

*मालिकका कुत्ता मरा तो*
*पुरा गावँ साहबका पुछने आया*
*और मालिक मरे तो*
*एक कुत्ता भी उनके घर नहीँ आया ।*

सामाजिक सञ्जालमा हिन्दी वा नेपालीमा यी पङ्क्ति आजभोलि छरपष्ट देखिन्छ । मालिकको कुकुर मर्दा मालिकलाई सहानुभुति प्रकट गर्न उनको घर पुगेका गाउँले मालिक नै मर्दा भने उनको घरमा पुगेनन् । कुकुर मरेको सन्दर्भमा जसलाई गाउँले भनियो, तिनै गाउँलेलाई नै मालिक मर्दा कुत्ता भनियो। यद्यपि, कुकुरलाई इमानदार र आज्ञाकारी जनावरका रूपमा लिइन्छ ।

मालिकलाई रिझाएर फाइदा लिन सकिन्छ भनेर मालिकको कुकुर मर्दा मालिकको घरमा पुगेका थिए गाउँले, मालिक नै मरेपछि गाउँलेले मालिकलाई कुकुर जतिको मात्र पनि ठानेनन् भनेर बुझ्न सकिन्छ । तर गाउँलेहरू पनि कुकुर जत्तिको इमानदार पनि त देखिएनन् र यहाँ गाउँलेहरू नै कुकुरको बिम्ब बने ।

नेपाली भाषाको 'चोर' शब्दको अर्थलाई कालान्तरमा यही पृथ्वीको अर्को कुनै कुनामा पुग्दा विशेष सिप–ज्ञानवान् व्यक्ति वा समुदाय भनेर अर्थ लगाइयो भने यताको अर्थ गलत रहेछ भन्ने कि उताको सही भनेर मान्ने ? हामीले मा, आमा वा मातालाई उता भन्न नजानेर 'मदर' भनेका हुन् ! यसरी पनि तर्क गर्न सकिएला ! यी तर्कसम्म त होलान्, तर यथार्थ होइनन् ।

भाषाको विकास वा सिद्धान्तको मान्यता पनि कुनै पनि शब्दको अर्थ सबै समुदाय, भूगोल र सधैँ एक हुँदैन । समय, समुदाय र भूगोलअनुसार शब्दहरूको अर्थ विभिन्न कारणले विभिन्न किसिमले परिवर्तन हुन्छन्; अर्थ विस्तार, अर्थ संकुचन र अर्थ परिवर्तन ।

भाषाको वा कुनै शब्दको अर्थ परिवर्तन हुनसक्ने यी प्रकृति सामान्य संकेत हुन् तर यसमा थप जानकारी यकिन गर्न विश्वविद्यालयका भाषा विज्ञहरूको सहयोग लिन पर्छ । नेपाली जनबोलीमा पछिल्लो समयमा प्रयोग भएका यी केही शब्दहरू उदाहरण हुन सक्छन्ः

क) मण्डल र मण्डलेः मण्डलको अर्थले हिन्दु वा बुद्ध धर्ममा जुन महत्त्व राख्छ, नेपाली राजनीतिमा बदनाम र अप्रिय लाग्छ ।

ख) पञ्चायत,पञ्च र पञ्चेः पञ्चायत,पञ्चको अर्थ पनि जति सकारात्मक छ, पञ्चे भन्नेले पनि र सुन्नेले वा भनिनेले पनि राम्रो मान्दैनन् ।

ग) अराष्ट्रिय तत्त्व (अत): पञ्चायत कालमा आजका प्रमुख वा सत्तामा रहेका राजनीतिक पार्टीलाई र तिनका नेतालाई पनि अराष्ट्रिय तत्त्व – अत र व्यवस्था विरोधी भनिन्थ्यो ।

घ.) डायस्पोराः कुनै समयमा कुनै भूगोलमा गलत व्यवहार गरेका कारण लखेटिएका समुदायलाई लाञ्छना लगाउन प्रयोग भएको शब्द–सम्बोधन आजभोलि जन्मथलो छोडेर बिदेसिनेहरूलाई बुझाउन प्रयोग गरिन्छ ।

ङ. बिचौलिया या दलालः यसको अर्थ मध्यस्थकर्ता हो, त्यसलाई पनि नेपाली भाषामा नकारात्मक भावले बुझिन्छ । यस्ता अनेक उदाहरण छन् ।

वर्तमान प्रधानमन्त्री केपी ओलीले कुनै समय संसदमा आफ्नो प्रतिपक्षमा रहेकाहरूप्रति एउटा गैरराजनितिक टिप्पणी गर्नुभयो। ओलीको बोली धेरैलाई राम्रो लागेन । यसै सन्दर्भमा प्रदीप गिरिले प्रत्युत्तरमा 'विद्वान मित्र केपी ओलीको जत्तिको ज्ञान अनुभव आफूमा नभएता पनि ...' बाट शुरू गर्नुभयो। गिरिको बोलीमा 'विद्वान ...' भए पनि ओलीका लागि त्यो कटाक्ष थियो ।

*बडाले जो गऱ्यो काम हुन्छ त्यो सर्व–सम्मत ।*
*छैन शङ्करको नङ्गा, मगन्ते भेष निन्दित ॥*

कवि शिरोमणि लेखनाथ पौड्यालकृत यो श्लोक प्राज्ञिक समुदायका धेरैले सुनेका होलान् । कथाअनुसार, शिवजीले भाङ धतुरो नशा सेवन गरे, मगन्ते भेष गरेर हिंडे तर देवादीदेव महादेवको कसैले विरोध गरेनन् । तर यिनकै अनुसरण यिनका सबै भक्तहरूले नै गर्न थाले के होला ? यहीँनेर खोजी हुन्छ विवेकको। प्रश्न र आलोचनाको । जसोजसो बाजे, उसै उसै स्वाहा गर्नुचाहिँ प्रश्न र आलोचना नगर्नु हो । प्रश्न–आलोचना नगर्नु विवेकको ख्याल नगर्नु हो ।

कुनै पार्टीको, विचारको, सिद्धान्तको, इमान र आदर्शको अनुसरण गर्नु र तिनको कार्यकर्ता हुनु झोले हुनु होइन । झोला बोकेकै कारण झोले भनिएको होइन । नेपाली समाजमा स्वनामधन्य धेरै अग्रज छन्, जसले आफ्नै जीवनकालमा काँधको झोला बिसाएर पजेरोमा सुटकेस 'लोड' गराएका पनि त छन्! झोला नबोकेका र नदेखेका पनि झोले हुन सक्छन् । कुनै विचार, वाद, सिद्धान्त वा कुनै पार्टीको कार्यकर्ता भएकोले मात्र पनि झोले भनिएको होइन ।

नेपाली कम्युनिस्ट राजनीतिमा सबैभन्दा लामो समयदेखि काँधमा अलिक लामो झोला बोकेर हिँडिरहेकै छन् मोहन विक्रम सिंह । सिंहलाई कसैले कहिल्यै झोले भनेको सुनिएन । नेपाली काङ्ग्रेसका सिद्धान्तकारका रूपमा परिचित सिके प्रसाईँ पनि झोला बोकेर हिँडेका भेटिन्थे । उनलाई झोले कसैले भनेनन् । सामाजिक र राजनीतिक जागरणका लागि साहित्यकारहरूको नेतृत्व गरेका कवि तथा लेखक भवानी घिमिरे पनि झोला बोक्थे। घिमिरेलाई झोले भनेर कसैले किन सम्झेनन् ? वरिष्ठ साहित्यकार कृष्ण धरावासी नेपालदेखि अमेरिका होस् वा युरोप, जहाँसुकै झोला बोकेर हिँड्नुहुन्छ । तर झोले भनेर कसैले खिसिट्युरी गरेको छैन। उहाँको चर्चित कथा 'झोला' हो र त्यस आधारित चलचित्र पनि उत्तिकै चर्चित छ ।

झोला अरूको बोक्न नि सकिन्छ, आफ्नै बोकाउन नि सकिन्छ । तर नेताको बोलिलाई नीति र सिद्धान्तको कसीमा नतौली निशर्त तिनको अन्धभक्त बन्नुचाहिँ झोले हुनु हो । मध्ययुगिन दासझैं हुनु हो ।

उसो त आलोचक वा प्रश्नकर्ताहरूले नेताहरूलाई झोले भनेका होइनन् । नेताहरूलाई पनि आफ्ना कार्यकर्तालाई झोले नबनाऊ, दास नबनाऊ, तिनका विवेकमा बिर्को नलगाऊ वा बन्धक नबनाऊ भन्न खोजेका हुन् । नेता स्वयं अघि सर्दै तिमीहरू हाम्रो झोले नै हौ त ! झोले हुन किन आनाकानी गर्छौ भनेर आँफैलाई झोलेको श्रीपेच लगाइखेलेर 'स्याल हुइयाँ' मच्चाए । विवेक बचाएका केही कार्यकर्ता अलमलिए। कतिले होमा हो मिलाएर आफूहरू झोले नै भएको ठहर गरे ।

नेताको अविवेकी काममा प्रश्न र आलोचना नगर्ने, नेताको अहममा आगो थप्ने तर प्रश्न र आलोचना गर्न नसक्ने पूर्णभक्तहरूलाई 'झोले' भनिएको हो । पार्टीको नीति,कार्यक्रम,आदर्शलाई अनुसरण गर्ने इमानदार कार्यकर्ताहरू, देशमा परिवर्तन र विकासको झोला बोकेर हिँड्ने कुनै पार्टीका कार्यकर्तालाई 'झोले' भनिएको होइन । सामन्ती परिवारको दास हुनु वा नहुनु फरक कुरा हो तर जुनसुकै परिवारको भए पनि बिना प्रश्न र आलोचना 'जसोतसो बाजे, उसैउसै स्वाहा' गर्नु चाहिँ झोले हुनु हो । ठूलाले गरेका सबै कार्य निशर्त मान्नु वा प्रश्न र आलोचना नगर्नु झोले हुनु हो ।

अर्जुन पराजुलीको यी पङ्क्तिले पनि केही सन्देश दिन सक्छ–

*दास –जेठो*
*रैती– माइलो*
*र, झोले – कान्छो ।*

अरुको ठ्याम्मै नक्कल हो ओली कमरेडको झोले अभियान । दक्षिणमा 'मै भी चौकीदार', यता 'म पनि झोले ।'

*विद्या विवादाय धनं मदाय, शक्तिः परेषां परिपीडनाय ।*
*खलस्य साधोर्विपरीतमेतद्, ज्ञानाय दानाय च रक्षणाय ॥*

(दुष्ट व्यक्तिको लागि विवाद गर्न विद्या, धन घमन्ड गर्न, र शक्ति अरूलाई दुख दिनका लागि हुन्छ । तर सज्जन (साधु) व्यक्तिको लागि भने यो विपरीत हुन्छः विद्या बाँड्नका लागि, धन दान गर्न र शक्ति अरूको रक्षा गर्नका लागि हुन्छ ।) उकालो

# छाउपडी प्रथाविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारको निर्देशन

**कैलाली ।**
सुदूरपश्चिम प्रदेश सरकारले सामाजिक कूरीतिविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न प्रदेशभित्रका सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ ।शनिवार धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकले केही दिनअघि कञ्चनपुरको कृष्णपुर नगरपालिका–१, निगालीमा छाउगोठमा सुतेको अवस्थामा सर्पदंशबाट एक जना महिलाको मृत्यु भएको घटनासमेतको गाम्भीर्यतालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।
प्रदेश सरकारले छाउगोठको उन्मूलन र समाजमा देखिएका सामाजिक विभेद एवं छुवाछुतयुक्त व्यवहारको नियमनलाई थप प्रभावकारी ढङ्गले अगाडि बढाउने भएको छ । छाउपडी प्रथाजन्य कूरीति उन्मूलन नीति, २०७६ तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न प्रदेश, जिल्लास्तरीय र स्थानीय तहस्तरीय समितिले नियमित बैठक गर्ने र नियमित रुपमा आआफ्नो कार्यक्षेत्रमा अनुगमन गरी सक्रियता बढाउने निर्णय गरिएको छ । साथै, सामाजिक विकास मन्त्रालयमार्फत विद्यालय, समुदाय र धार्मिक सङ्घसंस्था लक्षित प्रदेशस्तरीय वार्षिक कार्ययोजना बनाई छाउपडी प्रथाजन्य कूरीति तथा जातीय विभेदविरुद्ध जनचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ ।रासस

# साहित्यकार मल्लको उपन्यास ‘निर्गम’ लोकार्पण

**काठमाडौँ ।**
साहित्यकार गोकर्ण मल्लको उपन्यास ‘निर्गम’ लोकार्पण भएको छ । रत्ननगर वाङ्मय प्रतिष्ठानले प्रकाशन गरेको उक्त उपन्यायको शनिवार यहाँ आयोजित कार्यक्रममा प्रा डा गोविन्दराज भट्टराई र प्रा डा कुमारप्रसाद कोइरालालगायत साहित्यकारले संयुक्त रूपमा विमोचन गरे ।
शिक्षा, उमेर, परिश्रम गर्ने क्षमता, आर्थिक अवस्था बलियो हुँदाहुँदै मजदुर, विद्यार्थी, कर्मचारी, उद्योगपतिका नाममा नेपाली युवामा विदेशप्रतिको मोह तथा त्यसका लागि सरकारले ऋणलगायतका सुविधा उपलब्ध गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पु¥याइएको सहयोगलाई उपन्यासमा मूल रूमि प्रस्तुत गरिएको छ ।लामो समय शिक्षणमा संलग्न साहित्यकार मल्लको यो तेस्रो सृजना हो ।
त्यस अवसरमा प्राडा भट्टराईले ‘निर्गम’ वर्तमान यथार्थको हृदयहारी अभिलेखन भएको टिप्पणी गरे ।प्रा डा कोइरालाले कृतिमाथि समीक्षा गरे भने साहित्यकारहरू अनिता कोइराला, अनिता पन्थी, लक्ष्मण वियोगी, शरद् प्रधानले टिप्पणी गरे ।
एक सय ७२ पृष्ठको उक्त उपन्यासमा ३४ वटा अध्याय छन् । शून्यबाट सुरु हुने जीवन ३२ लक्षणले पूर्ण भए पनि आखिर पुनःशून्यमै अन्त्य हुन्छ भन्ने वास्तविकता प्रस्तुत छ । बजार मूल्य रु ३७५ निर्धारण गरिएको उपन्यासको पहिलो संस्करणमा ५०१ प्रति छापिएका जनाइएको छ । रासस

# विश्व भेटेरिनरी एसोसिएसनको महासभामा नेपाल सहभागी पशु चिकित्सा क्षेत्रको विकासमा सहयोग गर्न आग्रह

**काठमाडौँ ।**
विश्व भेटेरिनरी एसोसिएसनको २०२५ को महासभामा नेपाल भेटेरिनरी एसोसिएसनले सहभागिता जनाएको छ । एसोसिएसनका पूर्वअध्यक्ष डा शीतलकाजी श्रेष्ठले संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा शुक्रबार सम्पन्न भएको महासभामा सहभागिता जनाएका छन् ।
डा श्रेष्ठले सार्क भेटेरिनरी एसोसिएसनको समेत प्रतिनिधित्व गर्दै महासभामा सहभागी भएका छन् । महासभालाई सम्बोधन गर्दै उनले नेपालमा पशु चिकित्सकहरूले गरेको योगदानको चर्चा गर्दै नेपालमा पशु चिकित्सा क्षेत्रको विकासमा सहयोग गर्न अन्य राष्ट्रहरूसँग आग्रह गरे ।
साथै विश्व भेटेरिनरी एसोसिएसनको कुनै पनि कार्यक्रम आयोजना गर्न नेपाल तयार रहेको उल्लेख गर्दै डा श्रेष्ठले सार्क भेटेरिनरी एसोसिएसन चाँडै विश्व भेटेरिनरी एसोसिएसनको सदस्य हुने विश्वास व्यक्त गरे । डा श्रेष्ठ सार्क भेटेरिनरी एसोसिएसनको महासचिव छन । यही जुलाई १८ मा भएको उक्त महासभामा ९० देशबाट १२० जनाको सहभागिता भएको थियो । नेपाललगायत अन्य चार राष्ट्रबाट उक्त महासभामा सम्बोधन भएको थियो ।
महासभामा डा श्रेष्ठले श्रीलङ्का, टाइवान, जापान, कोरिया र फिलिपिन्स भेटेरिनरी एसोसिएसनको अध्यक्षहरूसँग भेट गरी भेटेरिनरी क्षेत्रका समस्या र एवं अवसरका विषयमा सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए । विश्व भेटेरिनरी एसोसिएसनको आगामी महासभा जापानको टोकियोमा हुनेछ । नेपाल सन् १९९८ देखि विश्व भेटेरिनरी एसोसिएसनको सदस्य राष्ट्र भएको हो ।रासस

# विकासको मूलधारबाट कुनै समूदाय पछाडि पर्नु हुँदैन्ः मन्त्री यादव




**इटहरी ।**
संघीय खानेपानीमन्त्री प्रदीप यादवले नेपालमा रहेका कुनैपनि समूदाय विकासको मूलधारबाट पछाडि नपरोस् भन्ने सरकारको स्पष्ट एवं प्रमुख उद्देश्य रहेको बताएका छन् ।
शनिबार झुम्का सहरी खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले सरकारको प्रयास, खानेपानी क्षेत्रलाई सामाजिक न्याय र समावेशी विकाससँग जोड्दै सबै समूदायलाई समान रूपमा सेवा पु¥याउने दिशामा केन्द्रित रहेको बताए ।
उनले भने, ‘कुनैपनि समुदाय विकासको मूलधारबाट पछाडि नपरोस् भन्ने सरकारको स्पष्ट उद्देश्य छ ।
देशका हरेक नागरिकको आधारभूत अधिकार सुरक्षित खानेपानी र सरसफाइ पहुँच सुनिश्चित गर्नु हाम्रो प्रमुख लक्ष हो ।’
यसैगरी मन्त्री यादवले खानेपानी क्षेत्रलाई सामाजिक न्याय र समावेशी विकाससँग जोडेर नागरिकको जीवनस्तर सुधार गर्ने सरकारको प्रयास निरन्तर जारी रहेको भन्दै झुम्का सहरी खानेपानी तथा सरसफाइ आयोजनाले विकासको सम्भावना र नागरिकको चाहनालाई मूर्तरूप दिने विश्वास व्यक्त गरे ।
मन्त्री यादवले देशका सबै समुदायलाई समान रूपमा सेवा पु¥याउने र कसैलाई पनि पछाडि नपार्ने नीति प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारको दीर्घकालीन दृष्टिकोण भएकाले विकासमा समावेशी दृष्टिकोणलाई संस्थागत गरिने बताए ।
खानेपानी मन्त्रालय जनताको आधारभूत आवश्यकता पूरा गर्ने सेवा–उन्मुख सामाजिक मन्त्रालय रहेकाले आफुले आफ्नो जिम्मेवारी सम्हालेदेखि नै हरेक नागरिकलाई शुद्ध र स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने योजना अनुसार काम गर्न क्रियाशिल रहेको जानकारी गराए ।
उनले भने, ‘हाम्रो सक्रियता र स्पष्ट परिकल्पना अनुरूप खानेपानी विभागको वित्तीय प्रगतिले ९० प्रतिसत उपलब्धि हासिल गरेको छ । जुन हाम्रो कार्यसम्पादन क्षमताको दिगो सुधारको स्पष्ट प्रमाण हो ।’
आज उद्घाटन गरिएको उक्त खानेपानी आयोजनाबाट रामधुनी नगरपालिका झुम्का क्षेत्रका वडा नं. १, २, ३, र ५ का करिब २२ हजार ७ सय ८७ नागरिक र ४ हजार ३१ घरधुरीहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने क्षेत्रीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय इटहरी सुनसरीका प्रमुख महेसी महतोले जानकारी दिए ।
कार्यक्रममा पुर्व सघीय सांसद नवदिता चौधरी, नगर प्रमुख शंकर लाल चौधरी, झुम्का खानेपानी मुल उपभोक्ता समितिका अध्यक्ष केसीलाल चौधरी, नगर उप–प्रमुख तारा थापा, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, खानेपानी तथा ढल व्यवस्थान विभागका उप महानिर्देशक राजेन्द्र सापकोटा, एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका आयोजना निर्देशक सुरत बम, उप–निर्देशक महेश न्यौपाने, खानोनी तथा ढल निकास विराटनगर प्रमुख सुरतलाल चौधरी लगायतको सहभागीता रहेको थियो ।

# युवा तथा बालबालिका केन्द्रित प्रतिवेदन उच्च आयुक्तको कार्यालयमा

**काठमाडौँ ।**
बालबालिका, किशोरकिशोरी तथा युवाका क्षेत्रमा क्रियाशील संस्था युवालयले डिकेए अष्ट्रियाको सहयोगमा नेपालको बाल–केन्द्रित बालबालिका र वातावरण तथा जलवायु न्यायसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयमा पेस गरेको छ ।
यही साउन १ गते प्रस्तुत गरिएको उक्त प्रतिवेदनले जलवायु र वातावरणीय चुनौतीहरूको सन्दर्भमा बालअधिकारलाई उजागर गर्दै नेपालको चौथो विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चक्रमा योगदान पु¥याउँछ । प्रतिवेदन काठमाडौँमा १४ जुलाई २०२५ मा युवालयद्वारा आयोजित राष्ट्रिय प्रमाणीकरण कार्यशाला सहभागी नागरिक समाज, विकास साझेदार र विशेषज्ञको छलफलमा अन्तिमरूप दिइएको थियो ।
उक्त प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगर, राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँ, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधिसामु प्रतिवेदनका सिफारिस प्रस्तुत गरिएको संस्थाका कार्यकारी निर्देशक सञ्जीव अधिकारीले जानकारी दिए ।
प्रतिवेदनमा नेपालको नीति र मानवअधिकार दायित्वहरूको मूल्याङ्कन गर्नुका साथै बालबालिकाको शिक्षा, संरक्षण, स्वास्थ्य, स्वच्छ वातावरण र सहभागिताको अधिकारलगायत विषयवस्तु समेटिएको छ । प्रतिवेदनमा सङ्कटकालीन शिक्षा, दुर्गम क्षेत्रमा बलियो बाल संरक्षण प्रणाली, विस्थापित बालबालिकाको भर्ना, पोषणका लागि स्कुल बगैँचा र जलवायु परिवर्तनको प्रभाव सामना गर्न बालबालिकाको उत्थानशीलता अभिवृद्धि गर्नका लागि क्षमतावृद्धिसम्बन्धी पहलजस्ता बुँदा समेटिएको छ ।मिश्रित अध्ययन विधि अपनाएर तयार गरिएको प्रतिवेदनमा नेपालको युपीआर तेस्रो चक्र (२०२१) को प्रतिवेदन र सम्बन्धित दस्तावेजहरूको समीक्षा गरिएको पनि निर्देशक अधिकारीले जानकारी दिए ।
प्रतिवेदन राष्ट्रिय परामर्श, प्रमाणीकरण कार्यशाला, बालबालिकासँगको छलफल, अन्तर्वार्ताका आधारमा प्राथमिक तथ्याङ्क सङ्कलन गरी तयार गरिएको छ ।त्यस्तै युवालयले ६८ सङ्घ संस्थासँगको सहकार्यमा ५१औँ सत्र (जनवरी–फेब्रुअरी २०२६) को लागि युवा–नेतृत्वको युपिआ प्रतिवेदन पनि पेस गरेको छ । प्रतिवेदनमा प्लान इन्टर नेसनल नेपाल र आइएम स्वीडिस डिभलोमेन्ट पाटनरको सहयोगमा सातवटै प्रदेशका १८ देखि ३५ वर्षका २७९ युवाका आवाज समेटिएको छ ।
प्रादेशिक परामर्श, युवा, सरकार र राजनीतिक दलका नेतासँगको छलफल र युवा महिलाहरूले आवाज समेटिएको प्रतिवेदनले रोजगारी, स्वास्थ्य, शिक्षा, अर्थपूर्ण युवा सहभागिता, जलवायु परिवर्तन, समानता, र डिजिटल प्रविधिका अधिकारलाई समेट्ने संस्थाको बुझाइ छ ।दुवै प्रतिवेदनले नेपाल सरकारलाई बालबालिका र युवा–केन्द्रित नीति तथा सबै तहमा अर्थपूर्ण युवा सहभागितालाई प्राथमिकता दिई जवाफदेहिता र समतामूलक विकास सुनिश्चित गर्न आग्रह गरेको समेत गरेको छ ।रासस

# बाढी आउनसक्ने भन्दै सतर्कता अपनाउन जलविद्युत् आयोजनालाई इप्पानको आग्रह

**काठमाडौँ ।**
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले सम्पूर्ण जलविद्युत् आयोजनालाई आगामी ३ दिनमा उच्चसतर्कता अपनाउन आग्रह गरेको छ ।
जल तथा मौसम विज्ञान विभागबाट यही साउन ३, ४ र ५ गते देशभर अत्यधिक वर्षा भई नदीमा पानीको सतहले सतकर्ता बिन्दु पार गर्नसक्ने पूर्वानुमान भएकाले इप्पानले विज्ञप्ति जारी गर्दै जलविद्युत् आयोजनामा पूर्वतयारी स्वरुप सतर्कता अपनाउन आग्रह गरेको हो ।
‘इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदानप्रदान गर्ने सम्झौताअनुसार विभागले यस सम्बन्धमा इप्पानलाई पूर्वतयारीका लागि निरन्तर सूचना आदान प्रदान गर्दै आएको छ,’, इप्पानले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘विभागले यही साउन ३ गते साँझदेखि ४ गते बिहानसम्म पूर्वी नेपालमा भारी वर्षा हुने अनुमान गरेको छ ।’
पूर्वी नेपालमा कोशी, तामोर, अरुण, तामाकोशी, दूधकोशी, कन्काईलगायतका नदीमा बाढी आउन सक्ने सम्भावना अत्यधिक रहेको विभागको भनाइ छ । कोशी नदी सतर्कता तह नजिक वा पार गर्न सक्ने स्थितिमा पुग्न सक्नेछ । पूर्वीनेपालबाट सक्रिय हुने मौसमी प्रणाली पश्चिम नेपालतर्फ अघि बढ्नेछ । साउन ४ गते बेलुका बागमती नदीमा बाढी आई काठमाडौँ उपत्यका र तल्ला तटीय क्षेत्र प्रभावित हुने र
साउन ५ गते दिउँसोसम्म महाकाली नदी र त्यसको तटीय क्षेत्रमा बाढी आउनसक्ने सम्भावना उच्च हुने विज्ञप्तिमा भनिएको छ ।
‘यसपटकको मौसमी प्रणालीले मध्य नेपालमा बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, नवलपरासी, रूपन्देहीलगायतका जिल्लामा असर पर्नेछ, जसले नारायणी जलाधारको मध्य पहाडदेखि तल्लो तटसम्मलाई प्रभावित गर्नेछ’, विज्ञप्तिमा भनिएको छ । साथै पश्चिममा राप्ती र बबई क्षेत्रमा पनि मध्यम स्तरको प्रभाव पर्ने सम्भावना भएको र महाकाली क्षेत्रमा साउन ४ गते बेलुकादेखि साउन ५ गते मध्यान्हसम्म बढी सतर्कता अपनाउनु आवश्यक रहेको जलतथा मौसम विज्ञान विभागलाई उद्दत गर्दै इप्पानले जानकारी दिएको छ ।
मौसमसम्बन्धी पूर्वसूचनाहरु लिएर इप्पानमा आवद्धसहित देशभरका सम्पूर्ण निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरुलाई विपद्बाट हुन सक्ने सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि पूर्वतयारीका कार्य अघि बढाउन इप्पानले आग्रह गरेको छ ।
गत असार २४ गते भोटेकोशी नदीमा आएको बाढीले रसुवा र नुवाकोटमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका आधा दर्जन भन्दा बढी जलविद्युत् आयोजनाहरुमा ठूलो क्षति पु¥याएको घटनाका साथै विगतका वर्षहरुमा पनि बाढी पहिरोले जलविद्युत् आयोजना निर्माणमा संग्लग्न धेरै कर्मचारीहरुले ज्यान गुमाउनुका साथै आयोजनामा निकै ठूलो भौतिक क्षति भई वर्षौंसम्म विद्युत् उत्पादन बन्द गर्नुपरेको घटनालाई स्मरण गराउँदै आगामी दिनमा यस्ता घना दोहोरिन नदिन इप्पानले आग्रह गरेको छ ।रासस

# कांग्रेसलाई गुटउपगुटबाट जोगाउनुपर्नेमा नेताहरूको जोड

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेताहरुले पार्टीभित्र देखिएको गुटउपगुटको अन्त्य गर्नुपर्नेमा जोड दिएका छन । नेपाली कांग्रेस सूर्यविनायक नगर कार्यसमितिले शनिवार आयोजना गरेको एक कार्यक्रममा नेपाली कांग्रेसका सांसद दुर्लभ थापाले पार्टीलाई एकताबद्ध बनाउनुपर्ने बताए ।
उनले भने, ‘पार्टी कार्यकर्ता गुटमा विभाजन हुँुदा पार्टी कमजोर भएको छ । पार्टीलाई एक ढिक्का बनाउन लोकतन्त्रमा आस्था राख्ने सबैजना सक्रिय हुने समय आएको छ ।’
नेपाली कांग्रेस भक्तपुर जिल्ला सचिव राजेश खड्काले केन्द्रदेखि वडासम्म फैलिएको गुटको अन्त्य नभएसम्म एकजुट भएर जनताको लागि काम गर्न गाह्रो हुने बताए ।
जिल्ला सहसचिव कृष्णमुरारी न्यौपाने, क्षेत्रीय सभापति भेषबहादुर कार्की र प्रदेश सभापति प्रदीप कार्कीले राजनीतिक व्यवस्था परिवर्तनसँगै जनताको अवस्था परिवर्तनको लागि कांग्रेसले अग्रसरता लिनुपर्नेमा जोड दिए ।रासस

# नेसपाको पाँच महिने ‘प्रशंसा अभियान ’ सुरु

**काठमाडौँ**
नेपाल समाजवादी पार्टी (नेसपा–नयाँ शक्ति) ले पाँच महिने ‘प्रशंसा अभियान ’ सुरु गर्ने भएको छ । पार्टीका महासचिव सोनाम सिंह स्याङतानले यसअघि सञ्चालन गरिएको तीन महिने अभियान प्रभावकारी भएको बताउँदै दोस्रो चरण विस्तार गरिएको जानकारी दिए ।
उनका अनुसार यो अभियान प्रशिक्षण, संगठन विस्तार र सामाजिक परिचालनका रूपमा अगाडि बढाइनेछ । ‘हामीले पाँच महिने अभियान सञ्चालन गर्ने निर्णय गरेका छौं,’ स्याङतानले भने, ‘प्रशंसा अभियान भनेको शासन प्रणालीमा देखिएको समस्या र भ्रष्टाचारविरुद्धको अभियान हो ।’उनले अभियानलाई जनताको मुद्दासँग जोडिएको भन्दै पार्टीको सांगठानिक मजबूती र जनसंपर्क विस्तारमा समेत केन्द्रित रहने जानकारी दिए ।पार्टीले आगामी ०८४ को निर्वाचनलाई लक्ष्य बनाई संगठन सुदृढीकरण र विस्तारको कामलाई तीव्र बनाएको जनाएको छ ।

# राजनीतिमा सकारात्मक चेतनाको खाँचो छः मन्त्री राई

**काठमाडौं ।**
रक्षामन्त्री मानवीर राईले समकालीन राजनीति र साहित्यको भूमिकाबारे धारणा सार्वजनिक गरेका छन् ।
शनिबार राजधानीमा आयोजित कवि उमेश अकिञ्चनद्वारा लिखित कविता संग्रह ‘सायद किनाराहरु’को लोकार्पण गर्दै मन्त्री राईले अहिलेको समयमा राजनीतिज्ञ र कर्मचारीहरूमाथि आलोचना र गालीको संस्कृति हावी भइरहेको बताएका हुन् ।
उनले भने, ‘आज देशमा राजनीतिकर्मीहरुलाई, कर्मचारीलाई गाली गर्ने गरिन्छ । कति मान्छे गाली गर्न लायक छन् राजनीतिमा । राजनीति त स्वभाविक रुपमा प्रतिस्पर्धा गर्ने भएकाले एकले अर्कालाई कुनै कमजोरी भेट्यो भने त सबैभन्दा राम्रो तर कमजोरी नभेट्दा पनि तल झार्ने काम गर्ने गरिन्छ ।’ उनले राजनीति प्रतिस्पर्धात्मक प्रक्रिया भएकाले आलोचना स्वाभाविक भएपनि निराधार आरोपले नकारात्मक असर पार्ने बताए ।साहित्य र कविताको महत्वबारे बोल्दै राईले परिवर्तनका हरेक चरणमा कवि, साहित्यकार र लेखकहरूको गहिरो योगदान रहेको उल्लेख गरे । उनले राणाकालको अन्त्यदेखि लिएर वर्तमान परिवर्तित राजनीतिक अवस्थासम्म आइपुग्दा साहित्यिक हस्तीहरूको भूमिका उल्लेखनीय रहेको बताए । उनले भने, ‘कविले एउटा कविता मात्रै प्रस्तुत गर्दैन । समाजमा आफ्ना कविताहरु मार्फत समाजलाई चेतना जोगाउने, सचेत गराउने काम गर्छ । हिजो राणाकाललाई राणा शासन अन्त्य गर्नेदेखि लिएर आजसम्मको परिवर्तनमा कविहरुको, साहित्यकारहरुको, लेखकहरुको भूमिका महत्वपूर्ण छ ।’

# तनहुँमा चैतेधान प्रवर्द्धन आयोजनाबाट ११ सय ७७ मेट्रिकटन उत्पादन

**तनहुँ।**
तनहुँमा सञ्चालन भएको चैतधान प्रवद्र्धन आयोजनामार्फत एक वर्षमा एक हजार १७७ मेट्रिकटन चैतेधान उत्पादन भएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प्राथमिकतामा परेको यस कार्यक्रममार्फत् तनहुँ जिल्लामा पाँच हजार रोपनी क्षेत्रफलमा चैते धान गरिएकामा उक्त परिमाणमा धान उत्पादन भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । केन्द्रले १२ सहकारीमार्फत चैते धान प्रवद्र्धन आयोजना सञ्चालन गरेको थियो।

कार्यक्रम सञ्चालनका लागि ५८ लाख ५० हजार रुपैयाँ बजेट रहेकामा ४२ लाख ९४ हजार रुपैयाँ खर्च भएको केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए।

उनले भने, 'यो कार्यक्रम कृषक समूह वा सहकारीमार्फत क्लस्टरमा सञ्चालन गरिएको थियो । एउटा क्लस्टरमा कम्तीमा पनि ५० रोपनी क्षेत्रफलमा हुनुपर्ने प्रावधान राखिएको थियो ।' चैतेधान प्रवद्र्धन कार्यक्रममार्फत ७५ देखि ८५ प्रतिशतसम्म अनुदान प्रदान गरिएको उनले बताए।

कार्यक्रममार्फत कृषकलाई आठ हजार १०० केजी बीउ, १४ मिनिटिलर, चार कम्बाइन मिल, ३२ स्प्रेयर, एक मल्टिक्रप थ्रेसर, २४६ त्रिपाल, तीन डिजिटल तराजु, २०० जुटको बोरा वितरण गरिएको छ भने ८०३ मिटर कुलो निर्माण गरिएको छ।

आँबुखैरेनी गाउँपालिका–२ स्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्थालाई एक लाख ९३ हजार ६२४ रुपैयाँ, बन्दीपुर गाउँपालिका–३ स्थित असौबोटे प्रेम नगर अर्गानिक कृषि समूहलाई तीन लाख ५६ हजार चार सय ७६ रुपैयाँ, व्यास नगरपालिका–८ स्थित रिस्ती मादी कृषक समूहलाई पाँच लाख २१ हजार २६१ रुपैयाँ, व्यास नगरपालिका–९ स्थित फूलबारी कृषक समूहलाई एक लाख छ हजार सात सय २५ रुपैयाँ, भानु नगरपालिका–४ स्थित तिलाहार कृषि सहकारी संस्थालाई चार लाख ७७ हजार पाँच सय ३९ रुपैयाँ, भिमाद नगरपालिका–६ स्थित भिमाद साना कृषि सहकारी संस्थालाई दुई लाख २१ हजार २५० रुपैयाँ, म्याग्दे गाउँपालिका–४ स्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक कृषक समूहलाई दुई लाख ७६ हजार ९०८ रुपैयाँ वितरण गरिएको छ।

त्यस्तै, म्याग्दे गाउँपालिका–३ स्थित स्यागेटारी कृषक समूहलाई तीन लाख ५५ हजार ५३९ रुपैयाँ, सोही वडाको आम्बोटे कृषक समूहलाई तीन लाख ७६ हजार ४८६ रुपैयाँ, व्यास नगरपालिका–१३ स्थित तुलसी कृषक समूहलाई पाँच लाख १८ हजार २४ रुपैयाँ, शुक्लागण्डकी नगरपालिका–११ स्थित क्याङ्दी खोला सिर्जनशील आइपिएम कृषक समूहलाई तीन लाख ४८ हजार २६६ रुपैयाँ र शुक्लागण्डकी नगरपालिका–१० स्थित युनिक अभियान कृषि सहकारी संस्थलाई दुई लाख ४२ हजार २५० रुपैयाँ सहयोग गरिएको केन्द्रले जनाएको छ ।रासस

# तरकारीखेतीबाटै टोलकै महिला आत्मनिर्भर



**टीकापुर।**
टीकापुर नगरपालिका–३ कटानपुरमा तरकारीखेती गरेर टोलकै महिला आत्मनिर्भर बनेका छन् । दीप ज्योति महिला कृषक समूहका २७ जना महिला मौसमी तथा बेमौसमी तरकारीखेती गरेर लाखौँ आम्दानी लिन सफल भएका हुन्।

आज भोलि कटानपुरका महिलाले बारीमा काक्रा, भिन्डी, लौका, भान्टा, तोरै, चिचिन्डा लटरम्म फलाएका छन् । महिलाहरूले प्रतिव्यक्ति पाँच कठ्ठाभन्दा बढी जमिनमा खेती गरेका छन् । यसबाट हुने आम्दानीले आफुहरु सन्तुष्ट भएको उनीहरुको भनाइ छ।

समूहका सदस्य देशरानी चौधरी आफूहरु तरकारीखेतीबाट स्वरोजगार बन्नुका साथै आम्दानी लिन सफल भएका र यसले आर्थिक समस्या टार्न सहयोग मिलेको बताउछन । उनिहरुले उत्पादन गरेको तरकारी टीकापुर, लम्की, अत्तरिया बजारदेखि अन्य छिमेकी बजारमा जाने गरेको छ। कतिपय तरकारी बिक्रेताहरू बारीमै तरकारी किन्न पुग्छन् । खेतमा काम समूहका महिलाले मिलेर गर्छन्, खनजोत लगायतका काम गर्न मजदुरी लगाउने गरेका देशरानीको भनाइ छ । 'हामीलाई खेती गर्न सहजताका लागि रानीजमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले पावर टिलर, हजारी, क्यारेटलगायत सामग्री उपलब्ध गराएको छ', देशरानीले भने,'उक्त सहयोगले तरकारी खेती गर्न सहयोग मिलेको उनीहरू बताउँछन्।'

एक वर्षमा तीन बाली सागसब्जी लगाउने उनीहरूले एक याममा प्रतिव्यक्ति एक लाख रुपैयाँ सम्म आम्दानी लिने गरेका देशरानीले बताए।

उनिहरुले धान, गहुँ खेती गर्नुभन्दा तरकारीबाट राम्रो भइरहेको बताउँछन् । समूहका अध्यक्ष मीना चौधरी समूहमा आबद्ध भएका महिलाहरूले तरकारीखेतीसँगै बाख्रापालन पनि गरिरहेको बताउछन। 'हामी हरेक महिलासँग तीनदेखि सात वटासम्म बाख्रा पनि छन्, तरकारी लगाउँदा घाँसको समस्या हुँदैन", उनले भनिन, 'बाख्रापालनबाट आम्दानी ठीकै भएको छ।'

यसअघि अधिकांश महिला घर खर्च चलाउन ज्यालादारी गर्थे । परम्परागत रुपमा आफूलाई खानका लागि खेती गर्ने यी महिलालाई सिँचाइ आयोजनाले प्रोत्साहन गरेपछि उनीहरू व्यावसायिक बनेका हुन् । 'सन्तानको पढाइ खर्च, घर खर्चका लागि निकै समस्या हुन्थ्यो', मीनाले भनिन, 'आयोजनाले तालिम, प्रविधि, बीउविजन सबै क्षेत्रमा सघाएपछि हामी साजसब्जीबाट राम्रो आम्दानी लिन सफल भएका छौँ ।'महिलाहरूले साजसब्जी खेती, बाख्रापालन, समूह परिचालनसँगै सामाजिक काम पनि गर्दै आएका छन् । उनीहरू समूहमा हरेक महिनाको छलफलमा समुदायका समस्याबारे छलफल गर्छन्।

महिलाहरूले हरेक महिना बैठक बस्ने, समूहमा बचत गर्ने, बचत गरेर उठेको रकम सदस्यहरूलाई कृषि क्षेत्रमै खर्च गर्ने गरेको आयोजनाका प्रमुख भरत कँडेल बताउछन। 'महिलाहरूले कृषि र पशुपालनमा राम्रो काम गर्नुभएको छ । आयोजनाको सहयोगलाई सदुपयोग गर्नुभएको छ', उनले भने, 'घरका लागि तरकारी, पोषण सुधारलगायत आम्दानी गरिरहनुभएकाले आयोजनाका लागि पनि खुसीको कुरा हो, यसरी उत्पादनशील कार्यमा लाग्नेलाई आयोजनाको निरन्तर सहयोग रहन्छ।''सिँचाइ आयोजनाले यी किसान महिलालाई बीउमा ५० प्रतिशत, विषादी तथा शुक्ष्मपोषण तत्वमा ७५ प्रतिशत तथा प्रविधि सहयोग गरेको छ ।रासस

# जडीबुटीका विरुवासँगै तालिम दिँदै वनस्पती अनुसन्धान केन्द्र



**कैलाली ।**
वनस्पती अनुसन्धान केन्द्र, कैलालीअन्तर्गत रहेको देवहरिया वनस्पति उद्यान, धनगढीले किसानलाई जडीबुटीका बिरुवा वितरणसँगै तालिम पनि दिएको छ ।

व्यावसायिक रुपमा जडीबुटी खेती गर्न इच्छुक किसान तथा व्यक्तिगत प्रयोजनको लागि बिरुवा रोप्ने व्यक्तिलाई आर्थिक वर्ष २०८१÷८२ मा ८१ हजार २४२ वटा विभिन्न प्रजातिका जडीबुटीका बिरुवा वितरण गरेको वनस्पति अनुसन्धान केन्द्र कार्यालयका प्रमुख गङ्गादत्त भट्टले जानकारी दिए । जसमा चिउँरी, नीम, तेजपात, शितल चिनी, कुरिलोलगायत बोटबिरुवा रहेका छन् ।

अनुसन्धान केन्द्रले वार्षिक ५० हजार विभिन्न प्रजातिका जडीबुटीका विरुवा उत्पादन गर्ने लक्ष्य भए पनि लक्ष्यभन्दा बढी बिरुवा वितरण गरिरहेको उनको भनाइ छ । केन्द्रले मापदण्ड बनाएर प्रत्येक आर्थिक वर्षमा जडीबुटीका बिरुवा वितरण गर्दै आएको छ भने प्रदेशमा जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिँदै आएको छ ।

गत आर्थिक वर्षमा कैलालीको चुरे गाउँपालिका—३ मा २९ जना र वडा नं ४ को गर्भामा २५ जना गरी जम्मा ५४ जनालाई जडीबुटी खेतीसम्बन्धी तालिम दिइएको कार्यालय प्रमुख भट्टले जानकारी दिए । त्यस्तै कैलाली र कञ्चनपुरका पाँच वटा जडीबुटी समूह सहकारीहरुलाई सम्बन्धी तालिम दिएको छ । तालिम दिने क्षेत्रमा पाइने जडीबुटीको अवस्था के छ, खेती गर्न सकिन्छ की सकिदैन, त्यसको सम्भावना के छ, माटोको उर्बरा शक्ति कस्तो छ , अध्ययन गरी पहिचान गरेर मात्रै तालिमको तय हुने गरेको उनले बताए ।

कार्यालयले अघिल्लो आव २०८०÷८१ मा बाजुराको बुढीगङ्गा र अछामको मेल्लेखमा त्यहाँ उत्पादन हुने जडीबुटीको पहिचान गरी ६० जनालाई जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिएको थियो । यी क्षेत्रमा रिठ्ठा उत्पादन हुने गरेको र अछामको रामारोशनमा सतुवा, डालेचुक उत्पादन हुन्छ सोहीलाई आधार बनाएर तालिम दिने गरिएको छ ।

गत आवमा करिब १० हजार चिउरीका बिरुवा उत्पादन गरिएकोमा त्यसमध्ये सात हजार ९०० बिरुवा वितरण गरी चुरे क्षेत्रका सामुदायिक वनमा रोपी सकेको उनले बताए । चिउरीको फूल माहुरीका लागि लाभदायिक हुन्छ भने यसको दानाबाट ध्यू उत्पादन गर्न सकिन्छ । जडीबुटीखेती गर्ने समूह सहकारीलाई अनुसन्धान केन्द्रले अनुदानको व्यवस्था पनि गर्दै आएको कार्यालय प्रमुख भट्टले बताए । प्राकृतिक हराभरा भएको वनस्पति अनुसन्धान केन्द्रअन्र्तगत देवहरिया वनस्पति उद्यान १४९.५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यसभित्र जखौर, मुरफुट्टा र मुरफुट्टी गरी तीन वटा प्राकृतिक तालहरु रहेको छन् । पर्यटक, पर्यावरणीय हिसाबले यो उद्यानको छुट्टै महत्व छ ।रासस

# हल्दिबारीका चिया बगानमा 'लुपर'को प्रकोप



**झापा।**
हल्दिबारी गाउँपालिकाको चिया बगानहरुमा 'लुपर' नामक कीराको प्रकोप फैलिएको छ । हरियो पत्ती उत्पादन हुने मुख्य समयमा प्रकोप फैलिएका कारण चिया किसानहरुले यसबाट ठूलो क्षति व्यहोर्नुपरेको छ।

झापाको मध्यभागमा रहेको हल्दिबारी गाउँपालिकाको पाँच वटा वडाको लगभग एक हजार पाँच सय बिघा क्षेत्रफलमा फैलिएको चिया बगानमा 'लुपर' कीराको प्रकोप फैलिएको पालिकाका कृषि शाखाका प्रमुख छविलाल गुरुङले बताए । 'किसानहरुले किरा फैलिएको जानकारी गराउनासाथ बगानको अनुगमन गरेका छौँ', उनले भने, 'बगानमा क्षति पुगेको पाइएको छ।'

चिया किसान गोपाल गिरीले चियाको हरियो पत्ती टिप्ने मुख्य समयमा हल्दिबारीका ठूला र साना सबै चिया बगानमा 'लुपर' कीराले महामारीको रुप लिएको बताए। उनले झापाको हल्दिबारीमा मात्र यो रोगको प्रकोप देखापरेको बताए । यसअघि चियाको बोटमा 'रेड स्पाइडर' नामक कीराको प्रकोप देखापर्ने गरेको थियो । 'लुपर' का कारण हल्दिबारीका चिया बगान पहेलिएर सुक्न थालेको उनको भनाइ छ।

'लुपर' एक प्रकारको झुसिल कीरा वा फौजी कीरा जस्तै पात र मुना खाने कीरा हो। यसलाई 'लुपर क्याटरपिलर' वा 'टि लुपर' भनेर चिनिन्छ। यसको माउ पुतली हुन्छ । पातमा पारेका असङ्ख्य अण्डाबाट लार्भा निस्किएर चियाको पात खाने गर्दछ।

किसान नवीन मैनालीले वैशाखदेखि सुरु भएको 'लुपर' को प्रकोप साउन लागि सक्दा नियन्त्रण नभएको बताए । कीराले पात खाएर चियाको बोटलाई झिक्रामा परिणत गरिदिएको उनले बताए । किसानहरुले पालिकाको कृषि शाखा र कृषि ज्ञान केन्द्रमा परामर्श नगरी किरा नियन्त्रणका लागि जथाभावी विषादी प्रयोग गरिरहेको कृषि शाखाका प्रमुख गुरुङ बताउछन।

जथाभावी विषादी प्रयोग गरिएकाले किरामा पचाउन सक्ने शक्ति बढेको हुनसक्ने उनले आशंका गरे । पालिकाभरिका चिया किसान, सहकारी संस्था र उद्योगीहरुलाई पालिकामा बोलाएर प्रकोप नियन्त्रणका लागि अन्तरक्रिया गर्ने तयारी भइरहेको उनले बताए।

अनुगमनमा जानुभएका पालिका अध्यक्ष रवीन्द्र लिङ्देनले रोग नियन्त्रणका लागि पालिकाले सबै किसिमको सहयोग पु¥याउने प्रतिबद्धता व्यक्त गरेका छन । उनले किसानहरुलाई स्प्रे ट्याङ्की दिने घोषणा गरेका छन।

चियाको बोटमा वैशाखदेखि नयाँ पात पलाउने भएकाले वैशाखदेखि साउनको समयलाई हरियो पत्ती उत्पादनको सबैभन्दा मुख्य समय मानिन्छ। किसानहरुले यसपालिको यो समयमा चिया पत्ती टिप्न नपाएको कारण करोडौँको नोक्सानी भएको बताएका छन्।

हल्दिबारीमा डाँफे टी प्रोसेसिङ, हल्दिबारी चिया बगानलगायत सात वटा ठूला चिया बगान छन् भने पाँच सयभन्दा बढी परिवारको निजी बगान छ। किसानहरुले सहकारीमार्फत दुई वटा प्रशोधन कारखाना आफैँ चलाउँदै आएका छन्।रासस

# अमेरिकी भन्सार नीति कायम रहे युरोपेली संघले प्रतिशोधात्मक कदम चाल्ने



**एजेन्सी ।**
जर्मन चान्सलर फ्रेडरिक मर्जले अमेरिकी भन्सार दुवै देशको अर्थतन्त्रका लागि हानिकारक हुने बताएका छन् । उनले युरोपेली संघ र संयुक्त राज्य अमेरिका बीचको भन्सार वार्ता अन्तिम चरणमा प्रवेश गरेको पनि बताए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अगस्ट १ देखि युरोपेली संघको निर्यातमा ३० प्रतिशत कर लगाउने योजनाको घोषणा गरेपछि स्थिति तनावपूर्ण बन्दै गएको हो ।

युरोपेली संघका प्रवक्ताले व्यापार तथा आर्थिक सुरक्षा आयुक्त मारोस सेफकोभिक हाल अमेरिकी वाणिज्य सचिव हावर्ड लुटनिक र अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीरसँग वार्ताको तयारी भएको पुष्टि भएको छ । अमेरिकाले करहरू जारी राख्यो भने युरोपेली संघले प्रतिशोधात्मक कदम चाल्ने जनाएको छ ।

शुक्रबार बर्लिनमा एक पत्रकार सम्मेलनमा, मर्जले सम्भावित क्षेत्र–विशिष्ट छुटहरूको बारेमा कर वार्ता जारी रहेको बताए। उनले 'दुबै पक्षका लागि सम्भव भएसम्म न्यूनतम कर' मा पुग्ने आशा गर्दै सहमति हुने जनाए । उनले प्रस्तावित अमेरिकी करहरू दुवै अर्थतन्त्रका लागि हानिकारक हुने चेतावनी पनि दिए। संयुक्त राज्य अमेरिका जर्मनीको सबैभन्दा ठूलो निर्यात बजार हो।

जर्मन सरकारी तथ्याङ्क अनुसार, २०२४ मा, जर्मनीले संयुक्त राज्य अमेरिकामा १६१ अर्ब युरो (१८८ अर्ब अमेरिकी डलर) मूल्यका सामानहरू निर्यात गरेको थियो । (सीसीटीभीप्लस)

# 'कोरा पाल्पा साइक्लिङ च्यालेञ्ज' सुरू



**पाल्पा।**
पाल्पालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय साइक्लिङ गन्तव्य बनाउने उद्देश्यले ५५ किलोमिटर लामो 'दोस्रो कोरा पाल्पा साइक्लिङ च्यालेञ्ज–२०२५' सुरू भएको छ। पाल्पा साइक्लिङ सङ्घको आयोजनामा आज तानसेनको टुँडिखेलबाट उक्त च्यालेञ्ज सुरू भएको हो।

तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले साइकल चलाएर च्यालेञ्जको शुभारम्भ गरेका छन । 'कोरा साइक्लिङ च्यालेञ्ज'ले नेपाललाई विश्वमा चिनाउन मद्दत गर्नुका साथै पर्यटकीय विकासमा ठूलो टेवा पुऱ्याउँदै आएको नगर प्रमुख श्रेष्ठले बताए । सफलतापूर्वक सञ्चालन हुँदै आएको यस च्यालेञ्जले साइकलयात्रीलाई प्रोत्साहन गर्नुको साथै यहाँको प्राकृतिक सौन्दर्यतालाई नियाल्दै ग्रामीण पर्यटकीय प्रवद्र्धनमा टेवा पु¥याएको उनले चर्चा गरे।

सङ्घले गत वर्ष दुई दिने 'हेरिटेज राइड–२०८१' सञ्चालन समेत गरेको थियो। यस वर्ष 'दिस इज नट अ रेस, एभ्रीवन इज अ उइनर' भन्ने नाराका साथ दोस्रो कोरा पाल्पा साइक्लिङ च्यालेञ्ज–२०२५ सुरू गरिएको सङ्घका अध्यक्ष रूपेश महर्जनले बताए । उनले भने, 'पाल्पामा दोस्रो पटक व्यवस्थित ढङ्गले कोरा आयोजना गरेका हौँ। यसले यहाँको पर्यटन, स्वास्थ्य, र वातावरणीय सचेतनामा नयाँ ऊर्जा ल्याउने छ ।' यो वर्षको कोरा यात्रा ऐतिहासिक र प्रभावशाली हुने विश्वास लिइएको उनको भनाइ छ।

कार्यक्रममा ७० जना साइक्लिङ सहभागी रहेका सङ्घका उपाध्यक्ष अमनकाजी शाक्यले बताए। कार्यक्रममा सहभागी हुने साइकलयात्रीले यहाँका विभिन्न प्रमुख धार्मिकस्थल तथा पर्यटकीयस्थललाई घडीको दिशामा परिक्रमा गरी ५५ किलोमिटरको यात्रा पूरा गर्ने उनको भनाइ छ । स्वास्थ्यका लागि साइक्लिङको महत्व बुझाउन, धार्मिकस्थलको प्रचार र यहाँका पर्यटकीय क्षेत्रको प्रवद्र्धन गर्न कोरा साइक्लिङ च्यालेञ्ज महत्त्वपूर्ण हुने उपाध्यक्ष शाक्यले विश्वास लिए । उनले भनिन, 'कोरा केवल साइकलयात्रीको जमघट मात्र होइन, यो समाजका लागि योगदान गर्ने एक महान अवसर पनि हो। पाल्पावासीको उत्साह देख्दा हामी अत्यन्त उत्साहित छौँ।'

यात्राका क्रममा कुनै स्वास्थ्य समस्या आए स्वास्थ्यकर्मीको टिम समेत तयारी अवस्थामा राखिएको सङ्घका सचिव विज्ञान बज्राचार्यले बताए । बिहान ८ बजेदेखि टुँडिखेलबाट निस्केको साइकल ¥याली दरबार परिसरमा गई यात्रा सुरु गरेको थियो । त्यहाँबाट बतासेडाँडा, भैरवस्थान मन्दिर, जलेश्वर मन्दिर, वयदर राडर टावर, डुम्रे, प्रभास हुँदै जिल्लाका विभिन्न स्थान परिक्रम गरी पुनः पाल्पा दरबार परिसरमा आएर कार्यक्रम समापन हुने सङ्घका सदस्य शान्ता थैवाले जानकारी दिए ।रासस

# बजेट निर्माणमा जनसङ्ख्या र भूगोलको सन्तुलन मिलाइएको छः उपप्रधानमन्त्री प्रकाशमान सिंह

*समृद्ध, दिगो र सुन्दर सहरको विकासका लागि ४० वटा नगरपालिकामा सघन सहरी कार्यक्रमअन्तर्गत रु पाँच अर्ब ३५ करोड विनियोजन गरिएको छ । झोलुङ्गे पुल निर्माणलाई प्राथमिकता दिइ यस आवमा २०० वटा निर्माण र १५० वटा मर्मत गर्ने उद्देश्य राखेको छु । केहीमा यो वर्ष बजेट विनियोजन गरिएको छ भने बाँकीमा सर्भे, डिपिआर र लागत अनुमान तयार गर्ने गरी बजेटको व्यवस्थापन गरिएको छ । हिमाल, पहाड र तराई मधेसमा रहेको जनसाङ्ख्यिक असमानता र असन्तुलित विकासलाई व्यवस्थापन गर्नुपर्ने चुनौती पनि छ । तीव्र बसाइँसराइ रोक्न मध्यपहाडी लोकमार्ग र उत्तर दक्षिण राजमार्गको मिलनविन्दु वा आसपासमा आधुनिक सहरी सेवासुविधासहितको नयाँ सहर विकास गरी २० वर्षभित्र प्रत्येक सहरमा कम्तीमा एक लाख जनसङ्ख्याका लागि आवश्यक सहरी पूर्वाधारसहितको १० वटा नयाँ सहर बनाउने लक्ष्यलाई निरन्तरता दिइएको छ । ५४ वटा नयाँ सहर घोषणा भइसकेकाले त्यसमा काम भएको छ ।*



**काठमाडौँ ।**

*उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह काठमाडौँ निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्छन । सर्वमान्य नेता स्व गणेशमान सिंह र मङ्गलादेवी सिंहका छोरा प्रकाशमानको जन्म विसं २०१२ वैशाख १ गते काठमाडौँमा भएको हो ।*

*विसं २०३६ मा नेपाल विद्यार्थी सङ्घको काठमाडौँ जिल्ला अध्यक्ष भई राजनीतिमा प्रवेश गरेका उपप्रधानमन्त्री सिंह नेपाली कांग्रेसको काठमाडौँ जिल्ला सभापति, केन्द्रीय सदस्य, महामन्त्री र उपसभापतिसमेत भइसईसकेका छन ।*

*गणेशमानसिंह फाउण्डेशनको अध्यक्षसमेत रहेका उनि यसअघिको कांग्रेस महाधिवेशनमा सभापतिका उम्मेदवारसमेत भए ।*

*उपप्रधानमन्त्री सिंहसँग देशको पूर्वाधार विकास तथा समसामयिक विषयमा केन्द्रित भई राससका समाचारदाता प्रगति ढकालले गरेका कुराकानीको सम्पादित अंशः*

**अहिले तपाईं महत्वपूर्ण जिम्मेवारीका साथ सरकारमा सामेल हुनुहुन्छ, तर एक सांसदका रुपमा तपाईंले संसद्मा के–कस्ता विषय उठाउनु भएको छ ?**

संसदमा निर्वाचित भएर गइसकेपछि हामीले बोल्ने जनताकै आवाज हो । जनताको प्रतिनिधिका रूपमा संसद्मा मैले इमानदारीपूर्वक भूमिका निर्वाह गरेको छु । वर्तमान संविधान जारी भएपछि संविधानसभाका दुई वटा निर्वाचन भयो । संविधानका विषयमा संसद्भित्र धेरै समस्या थियो । तर, हाम्रै प्रयासबाट सबै दलहरूलाई एक ठाउँमा ल्याएर संविधान जारी गर्न सफल भयौँ । संविधानअनुसार बन्नुपर्ने थुप्रै ऐन कानुन बनाउन पनि भूमिका निर्वाह गरेको छु । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान जारी गर्दै नागरिकलाई अधिकारसम्पन्न बनाउने क्रममा भूमिका निर्वाह गर्न पाएकोमा गर्व लाग्छ ।

**निर्वाचनअघि आफ्ना क्षेत्रका जनतासामु जे जे प्रतिबद्धता जनाउनुभएको थियो, ती के कति पूरा भए ?**

जनतासँग गरेका धेरै प्रतिबद्धता पूरा भएका छन् । मैले कहिल्यै पनि असम्भव र गर्न नसकिने कुरा गर्छु भनेर झुटो आश्वासन दिएको छैन । म काठमाडौँ क्षेत्र नं १ मा निर्वाचित हुनुअघि र अहिलेको तुलना गर्दा अवस्थामा धेरै परिवर्तन भएको छ । विकास निर्माणका धेरै काम भएका छन् । जुन मेरो क्षेत्रका हरेक मतदाताले महसुस गर्नुभएको छ । तर, अब काम गर्न पुग्यो भन्नेचाहिँ होइन । बाँकी रहेका जनचाहना पूरा गर्न प्रतिबद्ध छु । प्रतिबद्धताबमोजिम निरन्तर रुपमा लागिरहेको छु ।

नदी करिडोर सडक सुधार, नदीनाला सरसफाइका धेरै काम अघि बढाएको छु । उपत्यकाका नदीनाला ढलमुक्त बनाउन आवश्यक बजेट विनियोजन गरेको छु । शान्तिनगर र बबरमहलमा लिफ्टसहितको आकाशे पुल बनाउन बजेट विनियोजन भएको छ । अहिले निर्माणको काम सुरु भइरहेको छ ।

यस्तै, पुतली सडकमा आकाशे पुल निर्माणका लागि यो वर्ष काम हुँदैछ । बानेश्वर सडकमा जामको समस्या समाधान गर्न 'अन्डरपास' बनाउने योजना अघि बढाएको छु । काठमाडौँका विभिन्न स्थानमा 'हाइ–मास्ट लाइट' जडान गर्ने कार्य हुँदैछ ।

पार्क व्यवस्थापन र निर्माणलाई प्राथमिकतामा राखिएको छ । हप्तामा दुई दिन निर्वाचन क्षेत्रका मतदातासँग प्रत्यक्ष साक्षात्कार गरी गुनासो सुन्ने गरेको छु । धोबीखोलामा फोहर पानीलाई प्रशोधन गरी पुनःखोलामै फर्काउने कार्यक्रम अघि बढेको छ । क्षेत्रमा रहेका विद्यालयहरू पद्मकन्या विद्याश्रम र विजय मेमोरियल हाइस्कुल डिल्लीबजार तथा रत्नराज्य माध्यमिक विद्यालय बानेश्वरमा भौतिक संरचना सुधार गरी शिक्षाको गुणस्तर सुधारका लागि बजेट छुट्याइएको छ । नेपाल कमर्स क्याम्पस मीनभवन र बानेश्वर क्याम्पस तीनकुनेलाई पनि व्यवस्थित बनाउन लागिपरेको छु ।

**संसदमा अहिले देखिएको अवरोध र असहमति समाधान गर्न के गर्नुपर्छ भन्ने लाग्छ ?**

संसदीय अभ्यासलाई उन्नत बनाउने दायित्व संसद्मा रहेका राजनीतिक दलहरूकै हो । तर, कतिपय सन्दर्भमा संसद्भित्र भइरहेका अवरोध र असहमतिको संस्कृतिलाई लिएर प्रश्नहरू उठेका छन् । संसद्मा रहेका सबै दल संसदीय अभ्यासलाई लिएर गम्भीर हुनुपर्छ । संसद्को मर्यादा र गरिमा जोगाउने र जनताको संसद्प्रतिको भरोसा बढाउने, संसद्लाई प्रभावकारी बनाउने दायित्व संसद्मा रहेका सबै दलहरूको हो ।

तपाईंले अहिलेसम्म प्रस्ताव वा समर्थन गर्नुभएको कुनै महत्वपूर्ण विधेयक छ ?

मैले सहरी विकास मन्त्रालय सम्हालेपछि नीतिगत सुधारमा जोड दिएको छु । सहरी विकास मन्त्रालयको क्षेत्रभित्र पर्ने विषयमा कानुनको अभाव देखिन्छ । मन्त्रालय स्थापनादेखि अहिलेसम्म बन्न नसकेका ऐन बनाउने काम अघि बढाएको छु । फोहरमैला व्यवस्थापनसम्बन्धी विधेयक, सहरी विकास विधेयक, नगर विकास विधेयक, बागमती सभ्यतासम्बन्धी विधेयक, बस्ती विकाससम्बन्धी विधेयक संसद् लैजाने अन्तिम तयारीमा छौँ । र, ती विधेयकसँग सम्बन्धित नियमावली तयारीका क्रममा छन् ।

**भ्रष्टाचार नियन्त्रणमा संसद् र सांसदको भूमिका कति प्रभावकारी देख्नुहुन्छ ?**

संसद्को मुख्य काम भनेको कानुन निर्माण हो । भ्रष्टाचार नियन्त्रणका लागि संसद्बाट आवश्यक कानुनहरू बनेका छन् । तपाईंले इतिहास हेर्नुभयो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन नेपाली कांग्रेसको अग्रसरतामा ल्याइएको हो । सो ऐनअनुसार दोषी प्रमाणित भएपछि कांग्रेसकै नेताहरु पनि कारबाहीमा पर्नुभएको छ । भ्रष्टाचार र अनियमितताको विषय संसद्मा उठ्ने गरेका छन् । तथ्य, प्रमाण पुग्ने विषयहरूमा समिति बनेका छन् । दोषी देखिए कारबाहीको प्रक्रिया अघि बढाउन संसद्ले भूमिका खेलेको छ ।

**तपाईंले सम्हालिरहनुभएको सहरी विकास मन्त्रालयका प्राथमिकता अहिले के के छन् ?**

काठमाडौँको धरहरा, अन्तरराष्ट्रिय सम्मेलन केन्द्र, ललितपुरको गोदावरी सनराइज हल, झापाको व्यापारिक कम्प्लेक्स, रूपन्देहीको सभाहललगायत विशिष्ट संरचना सञ्चालनका लागि कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत गराई सञ्चालनका लागि अघि बढाइएको छ ।

पूर्वाधार विकास, सहरलाई व्यवस्थित र योजनाबद्ध रुपमा अघि बढाउने विषय नै सहरी विकास मन्त्रालयको प्राथमिक विषय हुन् । दुई वर्षभित्र हरेक पालिकाको केन्द्रसम्म कालोपत्र सडक बनाइसक्ने लक्ष्य राखेका छौँ । ढिलासुस्ती भएका कामको गाँठो फुकाइरहेका छौँ । मन्त्रालयका आयोजनामा ठेक्का लिएर समयमा काम नसक्नेहरुलाई दण्डित गर्न सुरु गरेका छौँ ।

सहरी विकासका लागि आधारभूत पूर्वाधार तथा सेवा विस्तारसहितको व्यवस्थापन पनि सहरी विकास मन्त्रालयको महत्वपूर्ण कार्य हो । मन्त्रालय स्थापना भएको लामो समयसम्म पनि सहरी विकास नीति नभएको अवस्थामा मेरो नेतृत्वमा 'सहरी विकास नीति २०८१' गत मङ्सिरमा स्वीकृत भई कार्यान्वयनमा गएको छ । सहरहरुलाई सुरक्षित, स्वच्छ र दिगोपन दिन बस्ती विकास नीति, फोहरमैला व्यवस्थापन विधेयक, सहरी विकास विधेयक, बागमती सभ्यता विधेयक, नगर विकास कोषको ऐनलाई परिमार्जन गर्नेगरी विधेयकको तर्जुमा र यी विधेयकसँगै सम्बन्धित नियमावली तर्जुमाको कार्यलाई प्राथमिकतामा राखेको छु ।

समृद्ध, दिगो र सुन्दर सहरको विकासका लागि ४० वटा नगरपालिकामा सघन सहरी कार्यक्रमअन्तर्गत रु पाँच अर्ब ३५ करोड विनियोजन गरिएको छ । झोलुङ्गे पुल निर्माणलाई प्राथमिकता दिइ यस आवमा २०० वटा निर्माण र १५० वटा मर्मत गर्ने उद्देश्य राखेको छु । केहीमा यो वर्ष बजेट विनियोजन गरिएको छ भने बाँकीमा सर्भे, डिपिआर र लागत अनुमान तयार गर्ने गरी बजेटको व्यवस्थापन गरिएको छ । हिमाल, पहाड र तराई मधेसमा रहेको जनसाङ्ख्यिक असमानता र असन्तुलित विकासलाई व्यवस्थापन गर्नुपर्ने चुनौती पनि छ । तीव्र बसाइँसराइ रोक्न मध्यपहाडी लोकमार्ग र उत्तर दक्षिण राजमार्गको मिलनविन्दु वा आसपासमा आधुनिक सहरी सेवासुविधासहितको नयाँ सहर विकास गरी २० वर्षभित्र प्रत्येक सहरमा कम्तीमा एक लाख जनसङ्ख्याका लागि आवश्यक सहरी पूर्वाधारसहितको १० वटा नयाँ सहर बनाउने लक्ष्यलाई निरन्तरता दिइएको छ । ५४ वटा नयाँ सहर घोषणा भइसकेकाले त्यसमा काम भएको छ ।

हिमाल, पहाड, तराईमा भिन्न पहिचान बोकेका परम्परागत, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय बस्तीहरुको सुधारका लागि भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरु निर्माण तथा स्तरोन्नति कार्य तथा ठूला सहरमा गतिशील जनसङ्ख्याको चाप समेतलाई मध्यनजर गरी आधारभूत पूर्वाधार विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्नेगरी बजेट विनियोजन भएको छ ।

**हालैको बजेट विनियोजनमा समानुपातिक विधि नअपनाइएको, विशेष क्षेत्र वा समूहलाई प्राथमिकता नदिइएको भन्ने आरोप संसद्मा उठेको छ । तपाईं यस विषयमा के भन्नुहुन्छ ?**

यो विपक्षीहरुले लगाएको आरोप हो, र यसमा सत्यता छैन । सहरी विकास मन्त्रालयले वार्षिक कार्यक्रम तयार गर्दा भौगोलिक तथा जनसाङ्ख्यिक आधारमा प्रादेशिक सन्तुलनसमेत कायम हुनेगरी तथा विगत वर्षहरुमा सहरी विकास मन्त्रालयबाट त्यस ठाउँमा के–कति लगानी भएको वा नभएको भन्ने आधारमा बजेट विनियोजन गर्ने प्रयास गरेको छ । कोसी प्रदेशमा नेपालको कूल जनसङ्ख्याको १७ दशमलव ०३ प्रतिशत जनसङ्ख्याको बसोबास रहेकामा सहरी विकास मन्त्रालयले १६ दशमलव ९ प्रतिशत बजेट विनियोजन गरेको छ ।

यस्तै, करिब २० प्रतिशत जनसङ्ख्या रहेको मधेस प्रदेशमा करिब १२ प्रतिशत, २१ प्रतिशत जनसङ्ख्या रहेको बागमती प्रदेशमा करिब २६ प्रतिशत, ८ दशमलव ४९ प्रतिशत जनसङ्ख्या रहेको गण्डकी प्रदेशमा ११ दशमलव २३ प्रतिशत, १७ दशमलव ५५ प्रतिशत जनसङ्ख्या रहेको लुम्बिनी प्रदेशमा १६ दशमलव ३८ प्रतिशत, ५ दशमलव ८ प्रतिशत जनसङ्ख्या रहेको कर्णाली प्रदेशमा ८ दशमलव ३ प्रतिशत र ९ प्रतिशत जनसङ्ख्या रहेको सुदूरपश्चिम प्रदेशमा नौ प्रतिशत हाराहारी बजेट विनियोजन भएको छ ।

**काठमाडौँमा धेरै बजेट छुट्याइयो भन्ने तपाईंमाथि आरोप छ नी ?**

काठमाडौँ उपत्यकाका सन्दर्भमा कुरा गर्दा नेपालको कूल जनसङ्ख्याको १० दशमलव २६ प्रतिशत मानिस यस उपत्यकाका स्थायी बासिन्दा र अरु अस्थायी नौ प्रतिशत जोड्दा करिब १९ प्रतिशत मानिसहरु यहाँ बसोबास गर्दछन् । यति ठूलो जनसङ्ख्या बसोबास गर्ने काठमाडौँ उपत्यकालाई बस्न योग्य बनाउने उद्देश्यले यहाँका प्रदूषित नदीनालालाई पुनर्जीवन दिन, करिडोरका सडकहरु सुधार गरी मुख्य सडकहरुमा निजी सवारीसाधनको चाप कम गर्न, हरित पार्कहरु विस्तार गर्न, पानी पर्दा ताल जस्तो बन्ने सडक तथा ढल सुधार गर्न करिब १६ प्रतिशत बजेट विनियोजन भएको छ ।

साथै, सहरी विकास मन्त्रालयअन्तर्गतका महत्वपूर्ण निकाय जस्तै अधिकारसम्पन्न बागमती एकीकृत विकास समिति, काठमाडौँ उपत्यका विकास प्राधिकरण, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट सञ्चालन हुने कार्यक्रम काठमाडौँ उपत्यका केन्द्रित रहेकाले पनि काठमाडौँ उपत्यकामा अन्य क्षेत्रभन्दा केही बजेट बढी देखिन गएको हो । काठमाडौँ उपत्यकाबाहेक बागमती प्रदेशका अन्य जिल्लाको जनसङ्ख्या १० दशमलव २ प्रतिशत रहेकामा १० दशमलव ५ प्रतिशत बजेट विनियोजन भएको छ । त्यसैले सहरी विकास मन्त्रालयको बजेट भौगोलिक तथा जनसाङ्ख्यिक आधारमा प्रादेशिक सन्तुलन कायम हुने गरी विनियोजन गरिएको कुरा पुष्टि हुन्छ ।

**सहरी विकासका लागि स्थानीय सरकारहरूसँग समन्वय कत्तिको प्रभावकारी छ ?**

सहरी विकास मन्त्रालयको मुख्य कार्यक्षेत्रअन्तर्गत सहरी विकास, ग्रामीण विकासजस्ता कार्यहरु रहेका छन् । उक्त कार्यहरु सम्पन्न गर्न स्थानीय सरकारहरुसँग समन्वय अतिआवश्यक रहन्छ । स्थानीय सरकारसँग सहरी विकास मन्त्रालयको समन्वय योजनातर्जुमा, कार्यान्वयनदेखि सम्पन्नपश्चात् सञ्चालनसम्म रहेको हुँदा यसको प्रभावकारिता हालसम्म एकदमै रहेको र आगामी दिनमासमेत अझ थप हुनेछ ।

सहरी विकास मन्त्रालयअन्तर्गत रहेको सहरी विकासको एउटा भागको रुपमा स्थानीय सरकारको सहरी शासकीय क्षमता अभिवृद्धि गर्नु पनि हो । अन्य सम्पूर्ण कार्यक्रम कार्यान्वयनसमेत स्थानीय सरकारसँगको समन्वयबिना तोकिएकै अवधिभित्र सम्पन्न गर्न नसकिने हुँदा यस मन्त्रालयको समग्र प्रगति स्थानीय निकायसँगको प्रभावकारी समन्वयमा नै रहन्छ । निर्माण सम्पन्न भएका आयोजनासमेत स्थानीय सरकारलाई हस्तान्तरण गरी स्थानीय सरकारमार्फत नै सञ्चालन हुनुपर्ने हुँदा प्रभावकारी समन्वय अतिआवश्यक छ ।

**वर्तमान सरकारले अगाडि सारेको 'स्मार्ट सिटी' योजना कुन अवस्थामा छ ?**

स्मार्ट सिटी नाम मात्रको जस्तो देखिन्थ्यो । अहिले आवश्यक बजेट छुट्याइएको छ । वर्षौंदेखि रोकिएका कामहरु अहिले अघि बढेका छन् । उपत्यकाका जितपुरफेदी, डुकुछाप, इशान नयाँ सहर, ताथबीचलाबुमा जग्गा एकीकरणको भौतिक विकास योजना स्वीकृत भई जग्गा विकास कार्य सुरु भएको छ । यी स्थानका नागरिकले वर्षौंदेखि भोगिरहेको समस्या समाधान भएको छ ।

स्मार्ट सिटी भन्नाले आधुनिक सूचना प्रविधिको प्रयोग गरी दक्ष, दिगो र प्रभावकारी ढङ्गले व्यवस्थापन गरिएको सहर हो । यसको प्रमुख उद्देश्य उचित र व्यवहारिक प्रविधि, डिजिटल प्लेटफर्म र स्मार्ट पूर्वाधारको प्रयोगबाट नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउनु नै हो । स्मार्ट सिटीमा आधारभूत सेवाका साथै यातायात, स्वास्थ्य सेवा, सुरक्षा र अन्य सेवालाई प्रभावकारी र सस्तो बनाउन प्रविधिहरूको प्रयोग गरिन्छ ।

नेपाल सरकारको आव २०७२÷७३ को बजेट तथा कार्यक्रममार्फत लुम्बिनी, निजगढ र पालुङ्टारलाई स्मार्ट सिटीका रूपमा विकास गर्ने घोषणा भएको थियो । त्यसैगरी, मन्त्रिपरिषद्को २०७७ चैत ३० गतेको निर्णयअनुसार विशेष आयोजनाको रुपमा १२ वटा नगरपालिका धनकुटा, गौरीगञ्ज, चन्द्रपुर र मौलापुर, काभ्रे उपत्यका, गुन्डु–बालकोट, वालिङ, लुम्बिनी, तुलसीपुर, दुल्लु, भीमदत्त र अमरगढीलाई स्मार्ट सिटीका रुपमा विकास गर्न स्वीकृति दिएको छ । हालैमात्र नेपाल स्मार्ट सहरसम्बन्धी सूचकहरु २०८१ स्वीकृत भएको छ । उक्त स्वीकृतिपश्चात् स्मार्ट सिटी निर्माण गर्ने लक्ष्यमा थप सहयोग हुने र यससँगै स्मार्ट सिटी निर्माणको कार्यले द्रुतगति हासिल गर्दछ ।

**सहरी पूर्वाधार निर्माण गर्दा वातावरणीय असर र सामुदायिक सरोकारलाई कसरी समेट्नुहुन्छ ?**

सहरी पूर्वाधार निर्माण गर्दा वातावरणीय असर कम गर्न वातावरण संरक्षण ऐन र नियमावलीमा रहेको व्यवस्था पूर्ण रुपमा पालना गर्ने गरिन्छ । वातावरणीय असरलाई मध्यनजर गरी आइई÷इआएजस्ता वातावरणीय प्रभाव मूल्याङ्कन गरेरमात्र ठूला परियोजना सञ्चालन हुँदै आएका छन् । वातावरण असरका कारण हालै मात्र देखिन थालेका असर (जस्तै, सहरी बाढी) न्यूनीकरण गर्न निर्माण हुने पूर्वाधारको दिगोपना र उत्थानशीलतामा थप ध्यान दिन थालिएको छ ।

**अब फरक प्रसङ्ग, नेपाली कांग्रेसको आगामी महाधिवेशनमा यहाँको आकाङ्क्षा कुन पदका लागि हो नी ?**

नेपाली कांग्रेस पार्टीमा सामान्य कार्यकर्ता हुँदै तलैदेखि काम गरेर आएको हुँ । काठमाडौं जिल्ला सभापति, केन्द्रीय सदस्य, निर्वाचित महामन्त्री भएँ । उपसभापति भएँ । सभापतिमा पनि प्रतिस्पर्धा गरिसकेँ । पार्टीमा सभापति र सरकारमा प्रधानमन्त्री बाहेक अरु जिम्मेवारीमा रहेर काम गरिसकेको छु । अब मेरो दाबेदारी पार्टीभित्र कुन पदमा रहला ? तपाईं आफैँ अनुमान गर्न सक्नुहुन्छ ।

अहिले पार्टीका साथीहरुसँग छलफलमा छु । प्राप्त जिम्मेवारीलाई सधैँ इमानदारीपूर्वक निर्वाह गरेको छु । जिल्ला जाँदा र पार्टीका साथीहरू भेट्दा तपाईंलाई सभापतिका रूपमा हेर्न चाहेका छौँ भनिरहनुभएको छ

**तपाईंको राजनीतिक यात्रामा अहिलेसम्मको सबैभन्दा चुनौतीपूर्ण मोड कुन थियो ?**

हामीले राजनीतिमा लाग्दा कुनै दिन सांसद, मन्त्री हौँला भनेर लागेका होइनौँ । दुःखकष्ट भोग्न मात्र होइन, ज्यानैसमेत पनि जान सक्छ भन्ने बुझेर अप्ठ्यारो अवस्थामा राजनीतिमा लागेका हौँ । जनतालाई अधिकारसम्पन्न बनाउन र देशमा तानाशाही व्यवस्था अन्त्य गर्न राजनीतिमा आएका हौँ । जतिबेला राजनीतिमा हामी सक्रिय भयौँ, निक्कै असहज अवस्था थियो । सार्वजनिक रूपका कार्यक्रम गर्न पाइँदैनथ्यो । धरपकड, गिरफ्तारी हुन्थ्यो । पार्टी प्रतिबन्धित थियो । ती दिनहरू सजिला थिएनन् । राजाले सत्ता लिएपछि त अवस्था असहज बन्यो । जब जब प्रजातन्त्रमाथि प्रहार भएको छ जनताका अधिकार खोसिएका छन् त्यतिबेला सधैँ चुनौतीपूर्ण मोड आए पनि हामीले त्यसलाई पार गर्न सफल भएका छौँ । राजनीतिमा चुनौती हरक्षण आइरहन्छन् ।रासस

# उपकरण आपूर्तिबापत रकम नदिएर ठगेको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका एक ठेकेदारले मधेश प्रदेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयमा उपकरण आपूर्ति गरेबापतको भुक्तानी नदिएको भन्दै जी–टेक एन्ड इन्जिनियरिङका सञ्चालक सुजित कुमार कापरीमाथि ठगीको आरोप लगाएको छ ।
आरके साह मेसनरी प्राइभेट लिमिटेडका प्रबन्ध निर्देशक राजेश कुमार साहले शनिबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी आरोप लगाएका हुन् । उनका अनुसार कापरीले मन्त्रालयमा आवश्यक परेको भन्दै ५ लाख २० हजार रुपैयाँ बराबरको उपकरण मगाएका थिए । साथै, सामग्री फुकुवा गराउनुपर्ने भन्दै थप १ लाख ३० हजार रुपैयाँ नगदसमेत लिएका थिए । तर लामो समयसम्म सामग्रीको भुक्तानी नगरिएको र नगद पनि फिर्ता नगरिएको साहको दाबी छ ।
साहले बारम्बार ताकेता गरेपछि २०८१ मंसिर २८ गते कापरीले ६ लाख रुपैयाँको सिटिजन बैंकको चेक चैत १५ गते म्याद तोकेर प्रदान गरेका थिए । उनले बाँकी रकम नगदमै बुझाउने आश्वासनसमेत दिएका थिए । तर चेक साट्न जाँदा खातामा पर्याप्त रकम नभएकाले चेक बाउन्स भएको साहले जानकारी दिए । साथै, चेकमा कम्पनीको छापसमेत नरहेको उनले बताए ।
साहका अनुसार आफूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदासमेत प्रहरी प्रशासनले प्रभावकारी रूपमा अनुसन्धान अघि नबढाएको गुनासो छ । साहले उपकरण आपूर्ति गरिसकेपछि भुक्तानी नपाउनु र चेक बाउन्स हुनु गम्भीर आर्थिक ठगी भएको भन्दै दोषीमाथि कानूनी कारबाहीको माग गरेका छन् ।

# विद्यालयमा छोरी पुर्याउन गएकी नितु सम्पर्कविहीन



**मधेशदृष्टि**
**राजविराज ।**
छोरीलाई विद्यालय पु¥याएर आउँछु भनी घरबाट निस्केकी महिला १६ दिनदेखि बेपत्ता छिन् । राजविराज नगरपालिका–७ कि २५ वर्षीया नितु कुमारी मेहता बेपत्ता भएकी हुन् ।
घरबाट करिब ६ सय मिटर टाढा रहेको नोबेल एकेडमी बोर्डिङ स्कुलमा जेठी छोरी ६ वर्षीया सन्ध्यालाई पु¥याएर आउँछु भनेर असार २० गते बिहान १० बजे निस्केकी नितु त्यही दिनदेखि बेपत्ता भएको परिवारजनले जनाएको छ ।
घर वरपर खोजी गर्दा न भेट्टाएपछि परिवारजनले सोही दिन राति १० बजे जिल्ला प्रहरी कार्यालय सप्तरीमा जानकारी दिएको थियो । प्रहरीले खोजी कार्य जारी राखेको जनाए पनी नितुको अवस्था अझै अज्ञात छ ।
'उनका साथी, आफन्त र चिनजान भएका ठाउँ सबैतिर खोजिसकेका छौँ, अहिलेसम्म केही पत्ता लागेको छैन,' ससुरा रामनारायण मेहताले भने, 'हामीले हराएकै राति प्रहरीलाई खबर ग¥यौँ, तर अहिलेसम्म कुनै अत्तोपत्तो छैन ।'
नितुका श्रीमान सुरेन्द्रका अनुसार हराएको दिन बिहान १०:३० बजेतिर नितु विद्यालयमा छोरीलाई पु¥याई फर्किरहेको सिसिटिभी फुटेजमा देखिएको थियो । त्यसपछि सोही दिन दिउँसो २ बजेतिर अन्तिम पटक सीमावर्ती भारतीय बजार भीमनगरमा एक्लै गइरहेको सिसिटिभी फुटेजमा देखिएको छ ।
दुवै सिसिटिभी फुटेज परिवारजनले प्रहरीलाई समेत उपलब्ध गराएका छन् । प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले सम्भावित स्थान तथा सिसिटिभी फुटेजका आधारमा पनि खोजी तिब्र पारिएको जनाए । 'नितुलाई सकुशल उद्धार गर्ने गरी खोज्दैछौँ, जस्तो सुकै अवस्थामा भए पनि फेला पार्छौँ,' उनले भने, 'उनको विगतको इतिहास र वर्तमान पनि विश्लेषण गरेर खोजी कार्य अघि बढाएका छौँ ।'
उनले सबै प्रहरी निकायमा नितुको हुलिया सर्कुलर गरेको जानकारी समेत गराए । नितुले प्रयोग गर्ने मोबाइल (९८२३५३०११२) बेपत्ता भएकै दिन दिउँसो २ बजेदेखि स्वीच अफ बताइरहेकाले खोजी कार्यमा समस्या देखिएको प्रहरीको भनाइ छ । छोरी सन्ध्याले आपूmलाई विद्यालय पु¥याएर फर्किने बेला आमाले 'म तिम्रो मामाघर (भारत बिहार राज्यको सिपौल जिला ग्राम सातेनपट्टीं) जान्छु, ३–४ दिनमा फर्किन्छु, भन्दै हिँडेको' बताएकी छिन् ।
हराएको दिन करिब दिउसो पौने दुई बजेतिर नितुसँग अन्तिम पटक गफ भएको र सो क्रममा उनले 'जहाँ जानु छ, त्यहीँ जाँदैछु, २ वटै छोरीलाई राम्ररी हेर्नु' भन्दै मोबाइलको स्विच अफ गरेको श्रीमान सुरेन्द्रले बताए ।
नितु बेपत्ता भएको खबर पाएपछि खोजतलासका क्रममा उनका बुबा देवकुमारसहित माइती पक्षबाट आफन्त पनि राजविराज आइपुगेका छन् ।
भारतको सिपौल जिला पुलिस कार्यालयमा हुलिया विवरणसहित निवेदन दिएका माइती पक्षले जिल्ला प्रहरी कार्यालय सप्तरीमा समेत निवेदन दिँदै खोजतलासका लागि आग्रह गरेका छन् ।
रोजगारीका सिलसिलमा विदेशी भूमि दुबईमा रही जेठी छोरी सन्ध्याको असार २५ गते हुने मुण्डन कार्यक्रमका लागि घर फर्किएका बेला श्रीमती नितु बेपत्ता हुनु रहस्यको विषय बनेको श्रीमान सुरेन्द्रको भनाइ छ । उनले नितुको अवस्था पत्ता लगाउन सहयोगका लागि सबैसँग आग्रह गरेका छन् ।

# छात्रासँग शिक्षकद्वारा परीक्षा कोठामै यौनदुर्व्यवहार

**मनोज माझी**
**राजविराज ।**
सबैले सम्मान र श्रद्धा गर्ने पात्रहरुमध्ये शिक्षक पनि एक हुन् । जब शिक्षक नै कुकृत्यमा लाग्छन् भने अरुलाई के भन्ने ? त्यसमा पनि आफ्नै शिष्यसँग शिक्षकले अनैतिक र यौनजन्य दुव्र्यवहार गर्छन् भने उनको गरिमा घट्नु स्वभाविकै हुन्छ ।
यस्तै घटना भएको छ सप्तरीको सुरुंगा नगरपालिका–५ स्थित मसिलाल जनता माध्यमिक प्राविधिक विद्यालयमा । विज्ञान शिक्षक ३५ वर्षीय सन्तोष कुमार पञ्जियार आफ्नै छात्रासँग परीक्षा कोठा भवनभित्रै यौन दुव्र्यवहार गरेको आरोपमा पक्राउ परेका छन् ।
शुक्रबार विद्यालयबाटै पक्राउ परेका शिक्षक पञ्जियारलाई बालयौन दुव्र्यवहार मद्दामा अनुसन्धानका लागि सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।
कक्षा १० मा अध्यनरत १५ वर्षीया किशोरी पहिलो त्रैमासिक परीक्षाअन्तर्गत विज्ञान विषयको परीक्षा दिँदै गर्दा शिक्षक पञ्जियारले संवेदनशील अंगमा हात लगाई यौनदुव्र्यवहार गरेको जाहेरी परेपछि उनलाई पक्राउ गरी अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए ।
असार ३१ गते विज्ञान विषयको परीक्षा दिँदै गर्दा एउटा प्रश्नको जवाफ लेख्ने क्रममा शिक्षक पञ्जियारसँग जिज्ञासा राख्दा ती किशोरीलाई यौनदुव्र्यवहार गरिएको जाहेरीमा उल्लेख छ । पीडित किशोरीका अनुसार एउटा प्रश्नको जवाफ लेखाउनेक्रममा शिक्षक पञ्जियरले आफ्नो संवेदनशील अंगमा हात लगाएका थिए । जबरजस्ती जतातते औँला लगेपछि आपूm तत्कालै उत्तरपुस्तिका बुझाएर सोबारे अन्य शिक्षकशिक्षिकालाई जानकारी दिँदै घर फर्र्किएको पीडित किशोरीले बताएकी छिन् ।
अर्को दिन परीक्षा दिन जान नमानेपछि किन ढिला गरेको ? भन्दा ती किशोरीले रुँदै सबै घटना वृतान्त सुनाएको परिवारजनले जनाए । पीडित किशोरीकी आमाद्वारा प्रहरीलाई बुझाइएको जाहेरीमा यस्तो कुकृत्य गर्ने शिक्षकमाथि कडा कारबाही माग गरिएको छ । सिरहाको लहान नगरपालिका–१ घर भएका शिक्षक पञ्जियारले यसअघि पनि विद्यालयका कतिपय छात्रासँग त्यस्तो व्यवहार गरेको र लोकलाजका कारण घटना लुकाउँदा उनको मनोबल बढ्दै गई त्यस्ता घटना दोहोरिएको स्थानीय अभिभावकले बताए ।

# सप्तरीमा एकैदिन तीन जनाको मृत्यु

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको दुई स्थानमा भएको घटनामा एकैदिन तीन जनाको ज्यान गएको छ । अग्निसाइर कृष्णासवरण गाउँपालिकामा शनिबार करेन्ट लागेर वडा–४, कि ७० वर्षीया उर्मिलादेवी यादवको मृत्यु भएको छ । विद्युतीय मोटरबाट खेतमा पानी पटाउने क्रममा अचानक करेन्ट लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।
घरभन्दा एक किलोमिटर टाढा रहेको खेतमा विद्युतीय मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको उपचारका लागि अस्पताल लैजानेक्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए ।
यस्तै, सोही वडामा शनिबार बिहान १९ वर्षीय अरबिन्द साह झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । घर नजिकैको रुखमा झुण्डिएको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।
घटनास्थलमा प्रारम्भिक अनुसन्धानपछि मृतकको शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पठाइएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए ।
शनिबार नै सप्तरीको राजविराज नगरपालिका–८, हिमालय टोलमा एक महिला झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन् । स्थानिय कृष्ण पोखरेलको घरमा डेरा गरी बस्ने सर्लाहीको चन्द्रगर गाउँपालिका–१, किसानपुर घर भएकी २९ वर्षीया रितु पौडेल आफ्नै कोठाको सिलिङ पंखामा खादाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# एमाले पोलिटब्यूरो बैठकबाट विधान संशोधन प्रस्ताव पारित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पोलिटब्यूरो बैठकले विधान संशोधन प्रतिवेदन पारित गरेको छ । पार्टी मुख्यालय च्यासल, ललितपुरमा शनिबार सम्पन्न चौथो पूर्ण बैठकले केन्द्रीय सचिवालय बैठकबाट पारित गरिएको विधान संशोधन प्रस्ताव प्रतिवेदनलाई सर्वसम्मतिले पारित गरेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । बैठकमा पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव प्रतिवेदन पेस गरेका थिए ।
प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकमा विधान संशोधन प्रतिवेदनमा ६८ जना पोलिटब्यूरो सदस्यले आफ्नो राय राखेको प्रचार विभाग प्रमुख गौतमले बताए । विधानमा पार्टीभित्र सङ्गठित सदस्यता र पार्टी सदस्यता गरी दुई व्यवस्था राख्ने, ७० वर्षे उमेर हद र दुई कार्यकाल नेतृत्वमा रहने व्यवस्थालाई खारेज गर्ने प्रावधान राखिएको उनले जानकारी दिनुभयो । यस्तै, जिल्ला कमिटी कार्यकारी कमिटीकै रूपमा लैजाने विधानमा सहमति भएको छ ।
पूर्वराष्टपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण र पार्टीको सक्रिय राजनीतिमा आउने विषयमा पनि बैठकमा गम्भीरतापूर्वक छलफल भएको प्रचार विभाग प्रमुख गौतमले बताए । 'पूर्वराष्ट्रपति भण्डारीको विषयमा बैठकमा छलफल भए पनि अहिले नै हामी ठोस् निष्कर्षमा पुगेका छैनौँ,' उनले भने, 'अधिकांश साथीहरूको भनाइ राजकीय उच्च तहमा पुगेका र संविधानको संरक्षक भइसकेका व्यक्ति राजनीतिमा सक्रिय हुने कुरा गम्भीर विषय हो भन्नुभएको छ । यसमा पार्टीले आवश्यक परामर्श गरेर उचित समयमा निष्कर्ष दिनेछ ।'
पूर्वराष्ट्रपति भण्डारीका विषयमा केन्द्रीय कमिटी बैठकमा पनि छलफल गरिने उनले जानकारी दिए । 'पूर्वराष्ट्रपति भण्डारीप्रति पार्टीले आग्रह र पूर्वाग्रह राख्नुपर्ने कुनै कारण छैन । उहाँलाई जुन सर्वोच्च पदमा पार्टीले पठायो, यसबारे गम्भीर र सकारात्मक रूपमा छलफल भयो,' प्रचार विभाग प्रमुख गौतमले भने, 'अब यस विषयमा आगामी बस्ने केन्द्रीय कमिटी बैठकले निर्णय गर्नेछ ।'
शनिबार पारित गरिएको विधान संशोधन प्रस्ताव यही साउन ५ गते बस्ने केन्द्रीय कमिटी बैठकमा पेस गरिने छ । एमालेको विधान महाधिवेशन आगामी भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीस्थित सनराइज अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा राख्ने तय भएको छ ।

# मधेशको चार सय ४२ हेक्टर वन अतिक्रमणमुक्त

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको वन निर्देशनालयले आर्थिक वर्ष २०८१–८२ मा लामो चार सय ४२ हेक्टर वनजङ्गलको जमिन अतिक्रमणकारीबाट छुटाएको जनाएको छ । निर्देशनालयबाट प्राप्त जानकारीअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा एक सय ७५ हेक्टर, सप्तरीमा एक सय ११ हेक्टर, बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वन क्षेत्रको जमिन फिर्ता लिइएको छ ।
निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेश प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार पाँच सय ९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए । वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले प्रशासनिक संयन्त्रले मात्र वनसम्बन्धी समस्या समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक भएको बताए ।
वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादर घिमिरेले वन क्षेत्रलाई अतिक्रमण हुनबाट रोक्न मातहतका कार्यालयललाई कठोर भएर काम गर्न परिपत्र गरिएको तथा पर्याप्त जनशक्ति परिचालन गरेर परिणाम निकाल्नेगरी समन्वयका साथै अनुगमन हुने प्रतिबद्धता व्यक्त गरे । हाल देशमा ४५ प्रतिशत भूभाग वनले ढाकेको भए पनि मधेश प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको निर्देशनालयले जनाएको छ ।
प्रदेशभर दुई लाख दुई हजार दुई सय दुई वनक्षेत्र रहे पनि एक सय ३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ । देशको कूल वन क्षेत्रमध्ये आठ प्रतिशत अतिक्रमणको चपेटमा परेको जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन